मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## साढे २ अर्बको सिमेन्ट निर्यात

**वीरगंज**
चालु आर्थिक वर्ष २०८१÷८२ को पहिलो १० महिनामा नेपालले भारतमा साढे दुई अर्ब रुपैयाँभन्दा बढीको सिमेन्ट तथा क्लिङ्कर निर्यात गरेको छ । भन्सार विभागले बुधबार सार्वजनिक गरेको तथ्यांकअनुसार वैशाख मसान्तसम्म ७ लाख ७२ हजार १ सय ४ मेट्रिक टन सिमेन्ट तथा क्लिङ्कर भारत पठाइएको छ, जसको कुल मूल्य २ अर्ब ४१ करोड ८८ लाख ७५ हजार रुपैयाँ पुगेको छ । यस अवधिमा ४ लाख ८१ हजार ९ सय २५ मेट्रिक टन सिमेन्ट क्लिङ्कर निर्यात हुँदा त्यसबाट ६४ करोड ९२ लाख १९ हजार रुपैयाँ आम्दानी भएको छ ।
उता तयार सिमेन्टको निर्यातबाट भने १ अर्ब ७६ करोड ९६ लाख ५६ हजार रुपैयाँ बराबरको कारोबार भएको विभागले जनाएको छ । नेपालमा पछिल्ला वर्षमा सिमेन्ट उद्योगको उत्पादन क्षमतामा उल्लेखनीय वृद्धि हुँदै गएकाले निर्यातमा समेत विस्तार भएको देखिएको छ ।

● वर्ष ३ ● अंक १८९ ● २०८२ साल जेष्ठ ०९ गते शुक्रबार ● Friday 23, May 2025 ● सूर्योदय: बिहान ५:१५ बजे ● सूर्यास्त: साँझ ६:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेशमा अपराध दर उच्च
# प्रहरी अपुग हुँदा शान्ति सुरक्षामा चुनौती

**दिपक कर्ण**
**जनकपुरधाम ।**
२०७८ को जनगणनाअनुसार करिब ६२ लाख जनसंख्या रहेको मधेश प्रदेशमा खुला सिमाना, वैदेशिक रोजगारीले सिर्जिएको अभिभावक विहीनता र तीव्र जनघनत्वका कारण पछिल्लो केही वर्ष यता अपराध दर उच्च हुँदै गएको छ । अपराध नियन्त्रण गर्ने जिम्मेवारी बोकेको नेपाल प्रहरीको अपुग जनशक्ति र कमजोर संरचनाले प्रदेशमा शान्ति सुरक्षा कायम राख्न चुनौतिपूर्ण अवस्था सिर्जना गरिरहेको बताइएको छ ।



मधेश प्रदेश प्रहरीको तथ्यांकअनुसार लागुऔषध ओसारपसार प्रदेशभित्र दर्ता हुने सबैभन्दा बढी अपराधमध्ये एक हो । पछिल्ला तीन वर्षमा यो शीर्षकमा क्रमशः ९ सय ३७, ७ सय ९७ र ४ सय ७५ वटा मुद्दा दर्ता भएका छन् । त्यसपछि आर्थिक अपराध (बैंकिङ कसुर) मा पनि समान दरले वृद्धि देखिएको छ । आत्महत्या, चोरी–डकैती, बलात्कार, कर्तव्यज्यान र सवारी ज्यानजस्ता घटनाहरू पनि ठूलो संख्यामा प्रहरीसम्म पुगेका छन् । जनसंख्याको घनत्व, सामाजिक असन्तुलन र छिमेकी मुलुक भारतसँगको खुला सिमानाको प्रभावसँगै मधेश प्रदेशमा अपराधको ग्राफ दिन प्रतिदिन उकालो लाग्दै गएको देखिन्छ । प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा आत्महत्या, डकैती, बलात्कार, सवारी ज्यान र कर्तव्य ज्यानजस्ता गम्भीर अपराधमा उल्लेखनीय वृद्धि देखिएको छ ।

झुन्डिएर मृत्यु अर्थात आत्महत्याका घटना मधेशमा सबैभन्दा बढी देखिएको अपराधमध्ये एक हो । आर्थिक वर्ष २०७९–८० मा ९ सय ३४, २०८०–८१ मा १ हजार १ सय ४ र २०८१–८२ को वैशाख मसान्तसम्ममा ८ सय २० मुद्दा दर्ता भएका छन् । त्यस्तै, चोरी र डकैतीका घटना क्रमशः घटेको देखिए पनि चुनौती समाप्त भइसकेको छैन । आर्थिक वर्ष २०७९–८० मा ६ सय ७७, २०८०–८१ मा ५ सय १५ र २०८१–८२ मा ३ सय २७ मुद्दा दर्ता भएका छन् । सवारी ज्यान सम्बन्धी घटनाको दर स्थिर देखिए पनि दर निकै उच्च छ । आर्थिक वर्ष २०७९–८० मा ४ सय ८६, २०८०–८१ मा ४ सय ५१ र २०८१–८२ मा ३ सय ५९ घटना घटेको तथ्यांक छ ।
यता, महिला र बालिकाविरुद्ध हुने बलात्कारका घटनामा पनि उच्च संख्यामा मुद्दा दर्ता भएको देखिन्छ । आव २०७९–८० मा ३ सय २१, २०८०–८१ मा ३ सय १५ र २०८१–८२ मा २ सय २८ मुद्दा दर्ता भएका छन् । प्रहरीका अनुसार अधिकांश घटना परिवार वा चिनेजानेकाबाट हुने गरेका छन् भने उजुरी आउनु पनि पीडितको मानसिक साहस र सामाजिक सहयोगमा भर पर्ने गरेको छ । हत्या (कर्तव्य ज्यान) का घटना तुलनात्मक रूपमा अरूभन्दा कम भए पनि प्रदेशमा गम्भीर सुरक्षात्मक चुनौती बोकेको अपराध हो । आव २०७९–८० मा १ सय ८, २०८०–८१ मा १ सय २५ र २०८१–८२ मा ७४ घटना घटेका छन् । यो घटनामा व्यक्तिगत द्वन्द्व, आपसी विवाद र बदला प्रवृत्तिका कारणहरू प्रमुख रहेको प्रहरीले जनाएको छ । मधेश प्रदेश प्रहरीका अनुसार पछिल्लो तीन आर्थिक वर्षको तथ्यांकअनुसार सबैभन्दा धेरै मुद्दा लागुऔषध ओसारपसारसम्बन्धी दर्ता भएका छन् ।
प्रदेश प्रहरी प्रमुख डिआइजी उमाप्रसाद चतुर्वेदीका अनुसार तीन वर्षमा दर्ता भएका मुद्दाहरू क्रमशः ९ हजार ८ सय ४४, ९ हजार ६ सय २० र चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म ७ हजार ४ सय २७ छन् । डिआइजी चतुर्वेदीले अपराध दरको आधारमा मधेशमा सबैभन्दा धेरै अपराध हुने जिल्ला पर्सा रहेको जानकारी दिए । दोस्रो स्थानमा धनुषा, त्यसपछि सिरहा र बारा रहेको छ । भारतसँगको खुला सिमाना तस्करी, मानव ओसारपसार र अवैध कारोबारको मुख्य कारण मानिन्छ । गत आर्थिक वर्षमा मात्र मधेश प्रदेशमा १४ अर्ब ७९ करोड रुपैयाँ बराबरको अवैध सरसमान बरामद गरिएको प्रहरी स्रोतले जनाएको छ । चालु वर्षको वैशाख मसान्तसम्ममा पनि ११ अर्ब ७० करोड बराबरको अवैध सामान बरामद भइसकेको छ ।

### अपुग जनशक्ति, संरचना कमजोर

६२ लाख जनसंख्याको सेवामा खटिएको नेपाल प्रहरीको संख्या १० हजार ७ मध्ये हाल कार्यरत प्रहरी जम्मा ९ हजार १ सय ६५ मात्रै छन् । देशमा औसत १२–१३ प्रतिशत महिला प्रहरी भए पनि मधेशमा यो संख्या २–३ प्रतिशतमा सीमित छ । अहिले मधेशमा महिला प्रहरीको संख्या जम्मा २ सय ९३ रहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । संरचनात्मक हिसाबले पनि प्रहरी युनिटको अवस्था सन्तोषजनक छैन । ५ सय ३५ युनिटमध्ये २ सय ४१ मात्र आफ्नै भवनमा छन् । ३९ युनिटसँग जग्गा मात्र, १८ भाडामा र ७९ अन्य निकायको भवनमा सञ्चालन भइरहेका छन् । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानूनमन्त्री राजकुमार लेखी भन्छन्, 'झोपडी र त्रिपालमा बसेर शान्ति सुरक्षा कसरी सम्भव हुन्छ ?' उनले आगामी बजेटमा प्रहरीको पूर्वाधारमा लगानी वृद्धि गरिने बताए ।

### फरार अभियुक्त अझै चुनौती

चालु आर्थिक वर्षमा मधेश प्रहरीले फरार अभियुक्त ३१ हजार ९ सय २४ मध्ये ४ हजार ४ सय ९६ लाई पक्राउ गरेको छ । ६ सय ७५ जनालाई कैद असुल गरिएको भए पनि अदालतबाट लागत कट्टा नगरिएकाले फरार सूचीमा नाम देखिइरहेको छ ।

## किन फिर्ता बोलाइए
# जनमतका दुई मन्त्री





**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले आफ्ना दुई जना मन्त्रीलाई फिर्ता बोलाएको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मिया अन्सारी र वन तथा वातावरण मन्त्री त्रिभुवन साहलाई फिर्ता बोलाइएको हो ।
जनमत पार्टीका केन्द्रीय प्रवक्ता डा. शरद सिंह यादवले उनीहरुको एक वर्ष पूरा भएको, कार्यमूल्यांकन भएको लगायतका आधारमा दुई जना नयाँलाई पठाउने निर्णय भएको बताए । सुशासनको नारा दिएर सरकारमा आएका जनमतका दुई जना मन्त्रीहरुको कारण सरकारको सबै भन्दा बढी आलोचना भइरहेको थियो । मन्त्री अन्सारीले विभिन्न योजनामा कर्मचारीसँग मिलेर कमिसन उठाउने कार्य गरेका थिए । मन्त्रीका सचिवालयले खुलेयाम रुपमा योजनाको कमिसन उठाउन थालेको समाचार मिडियामा आएपछि सरकारको चर्को आलोचनासमेत भएको थियो । उनले कर्मचारीको सरुवामा समेत रकम लेनदने गरेको आरोप छ । यस्तै, आरोप अर्का मन्त्री त्रिभुवन साहमाथि समेत लागेको छ । दुवै मन्त्रीको कार्यशैलीबाट प्रदेश सभाका जनमतका सदस्यले समेत असन्तुष्टि जनाउदै आएका छन् । उनले महिना दिनमा वन अधिकृत सरुवा गर्ने, त्यसमा चलखेल गर्ने गरिरहेको आरोप लागेको थियो । दुवै मन्त्रीले आर्थिक अनुशासनविपरीत कार्य गरेका कारण हटाइएको श्रोतको दाबी छ । केही समयपूर्व दुवै मन्त्रीसँग जनमत पार्टी संसदीय दलले लिखित जवाफसमेत माग गरेको थियो । श्रोतका अनुसार दुवै मन्त्रीहरुका कारण पार्टी नै समस्यामा परेको थियो । यता जनमत पार्टी सचिवालयले भनेको छ, 'एक वर्ष पुगेकाले पार्टीको नियमित प्रक्रियाअनुरूप जनमत पार्टीका मन्त्रीहरू मधेश सरकारमा फेरिएको र सबैको पालो आउँछ, नआत्तिनुस्, नयाँ जिम्मेवारी पाउनु हुने माननीयज्यूहरूलाई राम्रो काम गर्न र जनताको सेवा गर्न शुभकामना ।'
२०८१ जेठ २५ गते जनमतका सतिश कुमार सिंह नेतृत्वमा सरकार बनेपछि शाह र मियालाई मन्त्रालयको जिम्मेवारी दिइएको थियो ।
तस्बिरः मन्त्री, मन्त्री १

### पर्यटनमा कुशवाहा र वनमा यादव

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले दुई मन्त्रीलाई बर्खास्त गर्दै मन्त्रिमण्डल विस्तार गरेका छन् । बिहीबार मुख्यमन्त्री सिंहले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँ अन्सारी र वन तथा वातावरण मन्त्री त्रिभुवन साहलाई हटाउँदै उनीहरुको मन्त्रालयमा क्रमशः वसन्त कुमार कुशवाहा र सञ्जय कुमार यादवलाई नियुक्त गरेका हुन् ।



कुशवाहा यसअघि जनता समाजवादी पार्टीका सरोजकुमार यादवको नेतृत्वमा रहेको सरकारमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीका रुपमा सरकारमा थिए भने यादव राज्यमन्त्रीको रुपमा थिए ।
मुख्यमन्त्री सिंहको सिफारिसमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम कुशवाहा र यादवलाई मन्त्रीमा नियुक्त गरेकी हुन् । दुवैजनालाई भण्डारीले पद तथा गोपनियताको शपथ गराएका छन् ।

## कर्मचारीमा काम गर्ने मनसाय
# देखिएनः मुख्यमन्त्री

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहले प्रदेशका कर्मचारीमा काम गर्ने मनसाय कम देखिएको बताएका छन् । अर्थ मन्त्रालयको आयोजनामा राखिएको विनियोजन विधेयक २०८२ को लागि मस्यौदाका लागि सुझाव सङ्कलन कार्यक्रममा मुख्यमन्त्री सिंहले यस्तो बताएका हुन् ।



बिहीबार बिहान भौतिक मन्त्रालयको सभाकक्षमा आयोजित सुझाव सङ्कलनमा पछिल्लो समयमा उनले प्रदेशका हरेक मन्त्रालयमा कार्यरत कर्मचारी काम गर्ने मनसाय एकदम कम देखिएको बताए । कर्मचारीको ढिलासुस्तीले प्रदेश सरकारको कामकारबाहीमा प्रश्न उठिरहेकाले यो आचरणलाई तत्काल सुधार गर्न उनले निर्देशन समेत दिए । कार्यक्रममा सहभागी अर्थमन्त्री सुनिल यादवले कार्यविधिको कारणले बजेट खर्च हुन नसकेको प्रस्ट्याए ।
सबै सचिवहरूबाट प्राप्त महत्त्वपूर्ण सुझावलाई आत्मसात् गरेर कार्यविधि तयार गरिने जनाए ।
रकमान्तर, आयोजना तथा कार्यक्रमको संशोधन, एकमुष्ट विनियोजित बजेटको बाँडफाँट, नयाँ योजना तथा कार्यक्रम, बजेट निर्माण, कार्यविधि निर्माण गर्ने अधिकार, विगतको बक्यौता रकमसहितका १० वटा एजेन्डामाथि छलफल भएको थियो ।

## राजावादीलाई कडाइ गर्ने
# सरकारको तयारी



**मधेशदृष्टि**
**वीरगंज ।**
जेठ १५ गतेदेखि देशभरका राजावादी शक्तिहरु काठमाडौँ उत्रेर शक्ति प्रदर्शनको तयारीमा जुटेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नेतृत्वमा हुने प्रदर्शन लगातार हुने अनुमान छ । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापा पनि यो अभियानमा सरिक भएका छन् र हिन्दूराज्यसहित संवैधानिक राजतन्त्रको पक्षमा उभिएका छन् ।
यतिमात्रै होइन, राप्रपाका नेताहरु संसदका विभिन्न स्वतन्त्र सांसद, रास्वपा, काठमाडौँका मेयर बालेन साहसँगसमेत सम्पर्कमा जुटेका छन् र आन्दोलन सफलिभूत पार्ने योजना बनाइरहेका छन् । हिंसात्मक नहुने बताइए पनि व्यवस्थाविरोधी आन्दोलन हुने भएकाले पक्कै मुलुकमा एक हिसाबले मुठभेडको अनुमान गरिएको छ ।
तर सरकारले भने जेठ १५ गते हुने राजावादीहरूको प्रदर्शनका लागि दिइएको छुटलाई कमजोरी नठान्न चेतावनी दिएको छ । बिहीबार मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा सरकारका प्रवक्ता समेत रहेका सूचना, प्रविधि तथा सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले यस्तो चेतावनी दिएका हुन् । राजावादीको गतिविधिबाट सरकार नडराएको भन्दै उनले उदारतापूर्वक विरोध गर्नेलाई पनि आधिकारिक छुट दिएकाले मात्रै त्यसको अभ्यास गरेको बताए । तर, संविधानविरुद्ध सधैँ यस्ता क्रियाकलाप भइरहने हो भने सरकार टुलुटुलु हेरेर नबस्ने उनको भनाइ छ । संविधानमा प्रतिबन्ध लगाउनसक्ने छुट भए पनि अहिले त्यो नगरिएको उनले बताए ।

# सप्तरीमा लोकसेवा तयारी अभिमुखीकरण



**मधेशदृष्टि**
**सप्तरी ।**
राज्यको मुल प्रवाहीकरणमा मधेशी समुदायको उल्लेख्य सहभागिता तथा जनसंख्याको अधारमा लोकसेवामार्फत जनसहभागीता र विभिन्न कुतबाट युवाहरुलाई जोगाउने उद्देश्यका साथ सप्तरीको राजगढ गाउँपालिकामा सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको छ । बिहीवार जनचेतनामूलक नैतिकवान मधेश तथा सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत लोकसेवा परिक्षा तयारी सम्बन्धि अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पोलिटब्यूरो सदस्य तथा पूर्वराष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले विगतमा मधेशी समुदायको प्रतिनिधित्व नेपालको पहाडी तथा हिमाली जिल्लाहरु उल्लेख्य संख्यामा विद्यालयहरुमा गणित र विज्ञानको शिक्षक र प्राविधिक लगायतका क्षेत्रमा रहँदै आएकोमा अहिले सो अवस्था नरहेको भन्दै चिन्ता व्यक्त गरे । मधेशी आयोग ज्वागल ललितपुरको आयोजना तथा राजगढ गाउँपालिकाको सहकार्यमा कक्षा ११ मा अध्यनरत विद्यार्थीहरुलाई लक्षित गरि आयोजित कार्यक्रममा सहभागि विद्यार्थीहरुलाई प्रशिक्षणको व्यवस्था समेत मिलाइएको थियो । मधेशी आयोगका सदस्य अभासेतु सिंहको अध्यक्षतामा आयोजित ऋभिमुखिकरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भोला दाहाल, वरिष्ठ प्रहरी उपरिक्षक गोपाल चन्द्र भट्टराई, प्रहरी निरिक्षक राकेश राई, मनिष श्रेष्ठ, राजगढ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झालगायतले प्रशिक्षण दिएका थिए । सो अवसरमा गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल र उपाध्यक्ष रेणु कुमारी मण्डल समेतको सहभागिता रहेको थियो ।

# तस्करीका सामानसहित ८ जना पक्राउ

**मधेशदृष्टि**
**काठमाडौँ ।**
तस्करीका सामानसहित प्रहरीले आठ जनालाई काठमाडौंको चमती एरियाबाट पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा झापाको गौरीगंज गाउँपालिका–१ देवीघाडाका २७ वर्षीय रोशनकुमार महतो, भारतीय नागरिक ३३ वर्षीय शेष पिर मोहम्मद मोस्तान, महोत्तरीका २१ वर्षीय सिकेन्दर रजा, भारतकै ३० वर्षीय दीपक शेकर, भारतका ४७ वर्षीय भिनोथ कुमार अमर चन्द, भारतकै ४० वर्षीय सत्यनारायण कुष्णमुर्थी, भारतीय नागरिक ३१ वर्षीय मोहमद रेहान र भारतीय नागरिक २४ वर्षीय रौनक ठाकुर छन् । उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले तस्करीका समानहरु सहित पक्राउ गरेको हो । उनीहरुले मोबाइल र मोबाइलका पार्टपूर्जा भन्सार छलेर ल्याई चमीतमा भण्डारण गर्ने बेच्ने गरेको पाइएको अपराध अनुसन्धान कार्यालयका एसपी तथा प्रवक्ता काजिकुमार आचार्यले बताए ।

# उजुरीसम्बन्धी प्रतिवेदन यथाशीघ्र बुझाउन निर्देशन



**काठमाडौँ ।**
प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिले उजुरी छानबिन गर्न विभिन्न समयमा बनेको उपसमितिहरुलाई यथाशीघ्र प्रतिवेदन बुझाउन निर्देशन दिएको छ । समितिको बिहिवारको बैठकका समितिका सभापति ऋषिकेश पोखरेलले उजुरी छानबिनका लागि गठन गरिएको उपसमितिलाई यथाशीघ्र प्रतिवेदन बुझाउन आग्रह गर्दै एकमहिनाभित्रै बुझाइसक्नुपर्ने निर्देशन दिए । समितिले उजुरीहरुको छानबिनका लागि विभिन्न समयमा नौवटा उपसमिति गठन गरेको थियो ।

ती उपसमितिका समितिका संयोजकहरुलाई जतिसक्दो छिटो प्रतिवेदन बुझाउन भनेको हो ।समितिमा ४८ उजुरी परेको थियो । ती उजुरी छानबिन गर्नका लागि समितिले उपसमिति बनाएको थियो ।बैठकमा समितिका सभापति पोखरेलले बैठकलाई मर्यादित बनाउन समितिका सबै सदस्यहरुले सम्यमित भएर प्रस्तुत हुन आग्रह गर्नुभएको थियो ।रासस

# सर्लाहीमा कारको ठक्करबाट महिलाको मृत्यु

**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको मलंगवामा कारको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । मलंगवा नगरपालिका–८ कुशुम पार्टी प्यालेस अगाडिको भित्री सडकखण्डमा बिहीबार अपराह्न भएको दुर्घटनामा मलंगवा नगरपालिका–३ की ७० वर्षीया हसिना खातुनको ज्यान गएको हो । जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार गोरखकालीतर्फबाट मलंगवा जाँदै गरेको भारतीय नम्बर प्लेटको कारले पैदल यात्री खातुनलाई ठक्कर दिएको थियो । दुर्घटनापछि गम्भीर घाइते अवस्थामा खातुनलाई तत्काल प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो । तर, उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेका थिए । प्रहरीले दुर्घटनापछि कार चालक ३० वर्षीय अमित गुप्तालाई नियन्त्रणमा लिएको छ । उनी सर्लाहीको मलंगवा नगरपालिका–८ निवासी हुन् । प्रहरी निरीक्षकको कमाण्डमा खटिएको टोलीले दुर्घटनास्थलको तत्काल मुचुल्का उठाई अनुसन्धान शुरु गरेको जानकारी दिएको छ । कार र चालक दुवैलाई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा राखिएको छ ।

# आगामी बजेटमा जनतालाई करको भार पार्ने काम नहोस्ः अध्यक्ष साह

**काठमाडौँ ।**
आम जनता पार्टीका अध्यक्ष प्रभु साहले आगामी बजेट निर्माणमा जनतालाई अनावश्यक करको भार पर्ने कार्य नगर्न सरकारसँग आग्रह गरेका छन् । विगतमा पनि सरकारले जनतालाई राज्यद्वारा उपलब्ध गराइने सेवा सुविधालाई सरल र सहज तुल्याउन ध्यान नदिएको आरोप लगाउँदै उनले जनतामा करको भार वृद्धि हुँदा मुलुकमा उत्पादन, व्यापार र व्यवसाय सुस्ताउने बताए । सङ्घीय संसद्भवनस्थित आफ्नो कार्यकक्षमा पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष साहले भने, 'पछिल्ला वर्षहरूमा जनताले निरन्तर भन्दै आएका छन्, हामीलाई करको भार बढ्यो । करका कारण दैनिक उपभोग्यलगायतका हरेक चीजवस्तु महँगो भयो ।' मुलुकको आम्दानीको ठूलो स्रोत वन, जलस्रोतलगायतको सही उपयोग गर्न सुझाव दिँदै उनले ती वस्तुको संरक्षणका लागि गरिएको लगानीअनुरुप राज्यले लाभ लिन नसकिरहेको बताए । राज्यले चलाउन नसकेको उद्योगधन्दा एउटा व्यक्तिविशेषले कसरी चलाउन सक्छ भनी प्रश्न गर्दै अध्यक्ष साहले देशको अर्थतन्त्र जोगाउन, रोजगारी सिर्जना गर्न विद्यमान कर प्रणालीको पुनरावलोकन जरूरी रहेको विचार व्यक्त गरे ।रासस

# जनशक्ति अभाव हुँदा गुठी संस्थानको सेवा प्रवाहमा समस्या

**मधेशदृष्टि**
**काठमाडौँ ।**
गुठी संस्थानमा स्वीकृत जनशक्तिको आधाभन्दा कम कर्मचारी कार्यरत हुँदा सेवा प्रवाहमा समस्या हुन थालेको छ ।संस्थानमा एक सय ९६ जनाको दरबन्दी स्वीकृत भएकामा हाल ९४ जना मात्र कार्यरत हुँदा सेवा प्रवाहमा समस्या भएको हो । हाल करार सेवामा समेत गरी ९४ जना कार्यरत कर्मचारी रहेका संस्थानका सूचना अधिकारी जनक पोखरेलले जानकारी दिए । उनका अनुसार तीमध्ये ५४ स्थायी र ४० जना सेवा करारमा छन् ।प्रधान कार्यालयसहित ११ वटा कार्यालय रहेको संस्थानमा जनशक्ति कम भएकाले धर्म, संस्कृति क्षेत्रको संरक्षण, संवद्र्धन एवम् प्रवद्र्धनमा संस्थानले गर्ने काम प्रभावित हुने गरेको छ । संस्थानमा विसं २०७२ पछि पदपूर्ति हुन नसक्दा कर्मचारी अभाव देखिएको सूचना अधिकारी पोखरेलले बताए ।उनका अनुसार पदपूर्ति गर्नेगरी विसं २०७५ मा जारी भएको विनियम सर्वोच्च अदालतको आदेशमा खारेज भएपछि कर्मचारी पदपूर्ति हुन नसकेको हो ।पछिल्लो पटक गत फागुन १९ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले संस्थानको विनियमावली स्वीकृत गरेका छन् । संस्थानले 'ओएनएम सर्वे' गरी विनियमावली स्वीकृतिका लागि मन्त्रालयमा पठाएको प्रशासक शैलेशराज कुँवरले जानकारी दिए । मन्त्रालयबाट स्वीकृत भएर आउने वित्तिकै पदपूर्ति प्रक्रिया सुरु गरिने उनले बताए । यसपटक दुई सहसचिव, १५ उपसचिव र १० जना शाखा अधिकृत खुलाउने तयारी भइरहेको संस्थानले जनाएको छ । यसैबीच, गत वैशाख २० गते बसेको संस्थान सञ्चालक समितिको बैठकले सङ्घीय संरचनाअनुसार कोशी र लुम्बिनी प्रदेशमा प्रदेश कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

# प्रसाईंलगायतलाई थप दुई दिन हिरासतमा राख्न अनुमति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँ जिल्ला अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलगायतलाई थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको छ । चैत १५ गतेको तीनकुने घटनामा पक्राउ परेको प्रसाईंलगायतलाई थप दुई दिन हिरासतमा राख्न अदालतले बिहीबार प्रहरीलाई अनुमति दिएको हो । प्रहरीले सो घटनाको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालयलाई बुझाउन अन्तिम तयारी गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

# सर्लाहीको बगदह दुर्घटना कि राजनीतिक आक्रमण? कांग्रेस–माओवादीबीच आरोप–प्रत्यारोप

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको गोडैता नगरपालिका–५ स्थित बगदहमा स्कारपियो दुर्घटनापछि उत्पन्न परिस्थितिले स्थानीय राजनीतिक वातावरणलाई तनावग्रस्त बनाइरहेको छ । नेपाली कांग्रेसका नेता तथा रामनगर गाउँपालिका अध्यक्ष पदका उम्मेदवार हरिनन्दन प्रसाद यादव सवार भारतीय नम्बर प्लेटको स्कारपियो गाडी दुर्घटना भएपछि कांग्रेस र नेकपा माओवादी केन्द्रबीच आरोप–प्रत्यारोप शुरु भएको छ । दुर्घटना बुधबार अपरान्ह पूर्व–पश्चिम हुलाकी सडक खण्ड अन्तर्गत चिनी मिल नजिक भएको हो । दुर्घटनामा दुई जना सामान्य घाइते भएका छन् । घाइतेहरूको उपचार भइरहेको छ भने दुर्घटनामा परेको गाडी मलंगवास्थित जिल्ला प्रहरी कार्यालयमा राखेर अनुसन्धान थालिएको सर्लाहीका डिएसपी सरोज राईले जानकारी दिए । दुर्घटनापछि घटनालाई सामान्य मात्र सकिने अवस्था नरहँदा राजनीतिक आरोप–प्रत्यारोपले थप पेचिलो बनाएको छ । नेपाली कांग्रेसले यो दुर्घटना नियोजित हमला भएको दाबी गर्दै दोषीमाथि कडा कारबाहीको माग गरिरहेको छ । कांग्रेसका



स्थानीय नेताहरूले 'गोली चलेको' र 'घेराबन्दी गरेर लखेटी कुटपिट गरिएको' आरोप समेत लगाएका छन् । तर, प्रहरीले गोली चलेको पुष्टि हुन नसकेको जनाएको छ । डिएसपी राईका अनुसार, 'गोली चलेको कुनै प्रमाण छैन, अनुसन्धानमा कुनै हतियारसम्बन्धी प्रमाण भेटिएको छैन ।तर, दुबै पक्षका आरोपका आधारमा निष्पक्ष अनुसन्धान भइरहेकै छ ।' उता माओवादी केन्द्रले भने घटनालाई 'राजनीतिक आक्रमण' को रूपमा खारेज गर्दै कांग्रेसले निर्दोष माओवादी कार्यकर्तामाथि झूठा आरोप लगाएर फसाउने षड्यन्त्र गरिरहेको आरोप लगाएको छ । माओवादी केन्द्रले सार्वजनिक वक्तव्य जारी गर्दै भनेको छ, 'यो दुर्घटनालाई राजनीतिक लाभको माध्यम बनाउने प्रयास भइरहेको छ । हामी यस्ता प्रयासको घोर भर्त्सना गर्छौं र आवश्यकता परे कडा प्रतिकारमा उत्रिन पछि हट्दैनौं ।' घटनाको अर्को पाटो भने थप विवादास्पद देखिएको छ । आरोपअनुसार कांग्रेस नेता हरिनन्दन यादवको स्कारपियोमा जिल्ला अदालत मलंगवामा 'ज्यान मार्ने उद्योग' मुद्दाका फरार प्रतिवादी विष्णु राय पनि सवार थिए । प्रहरीले समाउने डरले स्कारपियो तीव्र गतिमा भगाउँदा दुर्घटना भएको कांग्रेसभित्रै चर्चा चलेको छ । यद्यपि, यसको आधिकारिक पुष्टि भएको छैन । तर, घटनाको यस्तो पाटो सार्वजनिक भएपछि राजनीतिक आरोप–प्रत्यारोपसँगै कानुनी प्रश्न पनि उठेको छ । दुर्घटनामा परेका कांग्रेस नेता हरिनन्दन यादव माओवादी केन्द्रका नेता तथा पूर्व संविधानसभा सदस्य शिवपुजन रायका भाई हुन् । एउटै परिवारभित्र राजनीतिक भिन्नता र प्रतिस्पर्धाले विवाद अझ चर्किएको हो । यो घटनाले रामनगर, गोडैता र आसपासका क्षेत्रमा व्यापक राजनीतिक तिक्तता सिर्जना गरेको छ । बुधबार साँझ दुवै दलले छुट्टाछुट्टै विरोध प्रदर्शनसमेत गरेका थिए । विरोध प्रदर्शनमा नाराबाजी र आरोपसहित तीव्र प्रतिक्रिया देखिएको थियो । स्थानीय प्रशासनले अवस्था थप बिग्रन नदिन सुरक्षा सतर्कता बढाएको छ । जिल्ला प्रहरी कार्यालयले घटनाको सबै पक्षको अनुसन्धान भइरहेको बताउँदै निष्पक्ष प्रतिवेदन सार्वजनिक गर्ने जनाएको छ । डिएसपी राईले भने, 'दुर्घटनाको प्राविधिक र मानविय पक्ष दुवैको अनुसन्धान भइरहेको छ । कसैले राजनीतिक लाभ उठाउने प्रयास गरेको पाइएमा कानुनी कारबाही हुनेछ ।'

# शिक्षा कमजोर बनाउने गतिविधि रोक्न दुई निजी विद्यालय संगठनद्वारा ध्यानाकर्षण

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी जिल्लामा केही विद्यालयले शिक्षा क्षेत्रलाई कमजोर बनाउने र विद्यार्थीको शैक्षिक भविष्यमाथि खेलवाड गरिरहेको भन्दै निजी तथा आवासिय विद्यालयहरुको दुई प्रमुख छाता संगठनले यसतर्फ सरोकारबाला निकायलाई कडाईका साथ अनुगमन र कारवाही गर्न माग गरेको छ । एनप्याव्सन तथा प्याव्सन सप्तरीले बिहीबार संयूक्त प्रेस विज्ञप्ती जारी गर्दै यस्तो माग गरेका छन् । एनप्यावसनका अध्यक्ष नरेश प्रताप साह र प्याव्सन सप्तरीका अध्यक्ष उग्रकान्त झाले संयूक्त विज्ञप्ति जारी गर्दै सो विषयमा अदालतले दिएको आदेशको पालना गर्न सम्बन्धित विद्यालय संचालकसँग आग्रहसमेत गरेका छन् । उच्च अदालत जनकपुर राजविराज इजलासले गत १९ बैशाखमा अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नगर्न अन्तरिम आदेश दिएको र त्यसपछि शिक्षा विकास तथा समन्वय इकाईको नेतृत्वमा हालै अनुगमन गर्दा समेत बिना अनुमतिका विद्यालयहरु संचालनमा रहेको पाइएको विज्ञप्तिमा उल्लेख गरिएको छ । यसले अदालतको मानहानी हुने ठहर्ने र समग्र विद्यालयको इज्जत प्रतिष्ठामा समेत आँच पुर्याउने भएकाले कानुनको अधिनमा रही कामकाज गर्न÷गराउन र विद्यालय संचालन गर्न विज्ञप्ति मार्फत आग्रह गरिएको छ । जारी प्रेस विज्ञप्तिमा अझ पनि कानुन विपरित काम गरेको पाइए र सम्बन्धित निकायले कारवाही गर्दा संगठनले केहि गर्न नसक्ने भन्दै सचेत समेत गराइएको छ ।

विज्ञप्ती मार्फत सम्बन्धित निकायले पनि यसतर्फ गम्भीर भई विद्यार्थीको भविष्यबारे सोचिदिन र शिक्षा क्षेत्रको बेथितिलाई रोक्न सक्रियता देखाउन माग गरिएको छ । 'विद्यार्थी भर्ना गर्दा इमिस भर्नुपर्ने हुन्छ । तर, अनुमति नपाएर संचालनमा रहेका विद्यालयहरुले आफ्नोमा अध्यापन गराई अन्यमा विद्यार्थीहरुको इमिस भर्दै आएका छन्,' विज्ञप्तिमा भनिएको छ, 'यो शिक्षा क्षेत्रमा देखिएको ठूलो भ्रष्टाचार र बेथिति हो । यसलाई रोक्न नसकिए विद्यार्थीको भविष्यसँगै शिक्षा क्षेत्र नै तहसनहस हुनेमा कुनै शंका छैन् ।'

# सांसद साहद्वारा अस्पतालको निरिक्षण

**मधेशदृष्टि**
**सप्तरी ।**
गर्मी शुरु भएसँगै राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा विरामीको चाप बढेपछि विभिन्न समस्या पनि थपिएको छ । सोही विषयमा गुनासो आएपछि बिहीबार एक प्रदेश सांसदले अस्पतालको स्थलगत निरिक्षण गरेका छन् ।

मधेश प्रदेश सांसद किरण कुमारी साह नेतृत्वको एक टोलीले स्थलगत निरिक्षण गरेको हो । विरामीहरुले फोन गरेर विभिन्न समस्या बारे जानकारी गराएपछि आफू स्थलगत निरिक्षण र विरामीहरुको गुनासो सुन्न अस्पताल पुगेको सांसद साहले संचारकर्मीहरुलाई बताइन् । उनी अस्पतालका वार्ड वार्डमा पुगेर विरामी र उनका आफन्तलाई भेट्दै समस्या बारे जानकारी लिएकी थिइन् । सो क्रममा अधिकांश विरामी र उनका आफन्तले सरसफाइ, शौचालयमा चुकुल नभएको, बेडका ओछ्यान धुलाईमा ढिलाई भएको, स्वच्छ खोनपानी र निशुल्क औषधी वितरण लगायतका विषयमा समस्या रहेको जानकारी गराएका थिए । सांसद



साहलाई केही विरामीका आफन्तले महिला वार्डको पुरानो भवन ठाउँठाउँमा चर्केको तथा कुनै बेला पनि भत्किने अवस्थामा रहेको भन्दै यसको जिर्णोद्धारका लागि समेत पहल गर्न आग्रह गरेका थिए । उल्लेखीत समस्याहरु समयमै समाधान नहुँदा विरामी र उनका आफन्तले समस्या भोग्नुपरेको पीडाबारे सांसद साहले तत्कालै मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहलाई बोलाई आवश्यक जानकारी लिएकी थिइन् । उनले अस्पतालमा देखिएका स–साना समस्या तत्काल समाधान गर्न निर्देशन सहित यहाँबाट सम्भव नभएका आवश्यक कार्यका लागि आफूले माथिल्लो निकायमा पहल गर्ने प्रतिबद्धता जनाएकी थिइन् ।

# सिरहाको कल्याणपुरबाट ३० किलोभन्दा बढी गाँजासहित दुई जना पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहाको भगवानपुर गाउँपालिकास्थित कल्याणपुर हुलाकी सडक खण्डबाट करिब ३१ किलो गाँजासहित दुई जना तस्करलाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार साँझ नेपाल–भारत सीमा हुँदै लागूऔषध तस्करी गर्न खोज्ने प्रयासलाई असफल पार्दै प्रहरीले उल्लेख्य मात्रामा गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको हो । पक्राउ पर्नेमा भगवानपुर गाउँपालिका–५ परोल निवासी ४२ वर्षीय काशिन्दर राम र ५० वर्षीय अशेश्वर राम छन् । उनीहरू भारततर्फ लागू औषध पुर्याउन खोज्दै गर्दा चेकजाँचको क्रममा समातिएका हुन् । जिल्ला प्रहरी कार्यालय सिरहा, इलाका प्रहरी कार्यालय महेशवारी र अस्थायी प्रहरी पोष्ट भगवानपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले कल्याणपुरस्थित हुलाकी रोडमा विशेष निगरानी गर्दै चेकजाँच गर्ने क्रममा उक्त परिणामको गाँजा बरामद गरेको हो । प्रहरीका अनुसार दुबै व्यक्ति गाँजा बोकेको अवस्थामा भारत प्रवेश गर्न लाग्दा विशेष सूचनाका आधारमा जाँच गर्दा झोलामा राखिएको ३० किलो ९५५ ग्राम गाँजा फेला परेको थियो ।

तत्कालै नियन्त्रणमा लिइएका उनीहरूलाई हाल प्रहरी हिरासतमा राखी आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाले जानकारी दिएको छ । प्रहरीका अनुसार पक्राउ परेकाहरू लागूऔषध तस्करीमा संलग्न रहेको पुरानो शंका रहे पनि यसपटक ठोस प्रमाणसहित पक्राउ गरिएको हो । अब उनीहरूविरुद्ध लागूपदार्थ सम्बन्धी कसुरमा मुद्दा दर्ता गरिनेछ ।

# गौर राइस मिलको जग्गा अधिग्रहणको लागि सर्वपक्षीय बैठक सम्पन्न

**राकेश यादव**
**गौर ।**
रौतहटको गौर नगरपालिकामा बिहीवार सर्वपक्षीय बैठक सम्पन्न भएको छ । बर्षौंदेखि अधिग्रहणको प्रक्रियामा अल्मलिएका गौर राइस मिल्सको जग्गा गौर नगरपालिकाको नाममा अधिग्रहण गराउनको लागि सर्वपक्षीय बैठक आयोजना गरिएको थियो ।



गौरको बीच भागमा रहेको गौर आयल एण्ड फ्लोर्स मिल्सको नाममा दर्ता कायम रहेको करिब ६ विगाहा जग्गा खेलकुद मैदानको लागि अधिग्रहण गर्नु पर्ने माग उठिरहेका बेला बजेट व्यवस्थापन गराउन नागरिक समाजको अगुवाईमा प्रदेश सरकारबाट बजेट व्यवस्थापन गर्नु पर्ने उदेश्य राखी बैठक आयोजना गरिएको छ । गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले गौर राइस मिलका सञ्चालक समितिले खेल मैदानको लागि २ विगाहा १५ कट्ठा जग्गा निशुल्क रुपमा नगरपालिकालाइ दिने कुरा सार्वजनिक गरेपछि स्थानीयहरू सम्पूर्ण जग्गा अधिग्रहण गर्नु पर्ने माग राख्दै करिब २ हप्ता लामो आन्दोलन गरेका थिए ।

आन्दोलन पछि नागरिक समाजको नेतृत्वमा बजेट व्यवस्थापन गर्ने भनि नगरपालिकालाइ ज्ञापन पत्र बुझाउँदा जग्गा लिने र फुकुवा गर्ने निर्णय तत्काल नगरपालिकाले स्थगित गरेको थियो । मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागी बजेट तर्जुमा गर्न लाग्दा बहुचर्चित रहेका गौर राइस मिलको जग्गा अधिग्रहणको लागि १५ करोड रुपैयाँ बजेट विनियोजनको लागि प्रदेश सरकारलाई दवाव दिन सामुहिक रुपमा जाने भनि निर्णय भएको बैठकमा सहभागी नेकपा एसका नेता रेवन्त झाले जानकारी दिएका छन् ।

गौर नगरपालिकाका नगरप्रमुख शम्भु साह, नेकपा माओवादी केन्द्रका प्रतिनिधि चन्देश्वर राउत लगायत पूर्व प्रदेश सांसद बाबुलाल साह, नगर प्रत्यासी रामेश्वर प्रसाद यादव सहभागी भएको बैठकले जेष्ठ ११ गते प्रदेश सरकारलाई १५ करोड रकम विनियोजन गराउनको लागि डेलिगेसन लिएर जाने निर्णय गरेको छ ।

राइस मिलको जग्गा बिक्रि गर्नको लागि भू–माफियाको गिरोह सक्रिय भएको हुँदा सबै जग्गा अधिग्रहण प्रक्रियाबाट छिट्टै गौर नगरपालिकाको नाममा सार्वजनिकीकरण गर्नु पर्ने एक मात्र विकल्प रहेको छ ।

# सरोकारवालासँगको छलफल सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्र बैंक वीरगंजले आयोजना गरेको बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवालासँगको छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा देशको वर्तमान आर्थिक अवस्था, राष्ट्र बैंकको भूमिका, उद्योगी तथा व्यवसायीको गुनासो र सुझाव साथै वाणिज्य बैंकहरूसँगको आपसी अपेक्षाबारे विस्तृत छलफल भएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक वीरगंजका निर्देशक सुशील पौडेलले मुलुकको समग्र आर्थिक अवस्था र राष्ट्र बैंकको स्थानीय तहमा भइरहेको कार्यसम्पादनबारे जानकारी दिए । उनले वाणिज्य बैंक र निजी क्षेत्रको भूमिका समयअनुसार परिमार्जन हुनुपर्नेमा जोड दिए । वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले बैंक र उद्योगी–व्यवसायीबीचको सम्बन्धलाई सुदृढ बनाउने खालको कार्यक्रमको प्रशंसा गर्दै बैंकिङ प्रणाली निजी क्षेत्रमैत्री हुनुपर्ने धारणा राखे । कार्यक्रममा आफ्ना विचार राख्दै बैंकिङ निर्देशिका, चालु पूँजी कर्जा प्रणाली, तथा गुनासो सुनुवाइ डेस्क र रिसर्च युनिटको प्रभावकारिता बढाउनुपर्ने बताएका थिए ।

# चोरी अभियोगमा फरार रहेका कैदी पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
चोरी मुद्दामा अदालतबाट सजाय सुनाइएपछि फरार रहेका जितपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंज निवासी हुचिङ लामा उर्फ मनिष तामाङलाई प्रहरीले लामो समयपछि पक्राउ गरेको छ ।

अदालतबाट २ वर्ष ९ महिना कैद र ४५ हजार रुपैयाँ जरिवाना तोकिएको मनिषलाई इलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको टोलीले पक्राउ गरेको हो । प्रहरीका अनुसार उनलाई जितपुरसिमरा उपमहानगरपालिका–२२ स्थित तिन नम्बर पुल नजिक हिँडिरहेको अवस्थामा फेला पारिएको थियो । फरार सूचीमा रहेका मनिषलाई लामो समयदेखि खोजतलास गरिरहेको प्रहरी टोलीले सूचनाका आधारमा निगरानी बढाउँदै जाँदा अन्ततः नियन्त्रणमा लिन सफल भएको हो ।

मनिषमाथि बाराको सम्बन्धित अदालतबाट चोरीसम्बन्धी कसुरमा दोषी ठहर गर्दै कैद सजाय र जरिवाना तोकिएको थियो । तर, फैसला पछि उनी फरार थिए । प्रहरी स्रोतका अनुसार मनिषको स्थायी ठेगाना अमलेखगंज भए पनि उनी विभिन्न स्थानमा लुकेर बस्दै आएका थिए । प्रहरीले पछिल्लो समय फरार प्रतिवादीको खोजीमा कडाइ गर्दै अदालतको फैसलालाई कार्यान्वयनमा ल्याउने रणनीति अपनाएको छ ।

पक्राउ परेका मनिषलाई अहिले इलाका प्रहरी कार्यालय अमलेखगंजमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । आवश्यक कानुनी प्रक्रिया पूरा गरी उनलाई कैद भुक्तानका लागि कारागार पठाउने तयारी भइरहेको छ । प्रहरीका अनुसार बारामा अदालतबाट सजाय पाएर फरार रहेका अन्य प्रतिवादीहरूको पनि खोजी तीव्र बनाइएको छ । फरार अभियुक्तलाई जोगाउने वा लुकाउने व्यक्तिहरूलाई पनि कानून बमोजिम कारबाही गरिने प्रहरीको चेतावनी छ ।

# अन्सारीविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि अनुसन्धान हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली भारतीय नोट प्रकरणमा अदालतबाट दोषी ठहर भई सजाय भुक्तान गरिरहेका युनुस अन्सारीविरुद्ध सम्पत्ति शुद्धीकरणमा समेत अनुसन्धान हुने भएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले अन्सारीविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान अघि बढाएको हो । ललितपुरको नख्खुस्थित कारागारमा रहेका उनी ६ वर्षको कैद सजाय भुक्तान गरी आइतबार छुट्दै छन् । कैद सजाय पूरा गरी रिहा हुने भएपछि सीआईबीले अनुसन्धानका लागि उपस्थित गराइदिन कारागार व्यवस्थापन विभागलाई बुधबार पत्र पठाएको थियो । पछिल्लो पटक पक्राउपछि अदालतले उनलाई ६ वर्ष कैद र ६० हजार जरिवाना र १३ सय रुपैयाँ क्षतिपूर्तिको सजाय सुनाएपछि कारागार पठाइएका थिए । उनको कैदमुक्त हुने अवधि २०८२ जेठ १० सम्म रहेको छ ।

# योजना अधिकृतसहितको टोलीद्वारा उपद्रव कार्यवाहक मेयरद्वारा प्रहरीमा उजुरी

**मधेशदृष्टि**
**सप्तरी ।**
आफ्नै कार्यालयको योजना अधिकृत सहितका केही ब्यक्तिहरुले नगरपालिकाको विभिन्न फाँट र आफ्नो कार्यकक्षमा समेत पसेर तोडफोड र गालीगलौज गर्दै उपद्रव मच्चाएको भन्दै राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले कारवाहीको माग गर्दै उनीहरुविरुद्ध प्रहरीमा उजुरी दिएकी छन् । बिहीवार वडाअध्यक्ष शशी चौधरी, जयनारायण मण्डल तथा सरसफाइ कर्मचारीसहित जिल्ला प्रहरी कार्यालय पुगेकी कार्यवाहक मेयर परवीनले प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालाई उजुरी पत्र बुझाउँदै यस्तो माग गरेकी हुन् । उनले उक्त कार्यमा संलग्न राजविराज नगरपालिका–१५ घर भएका योजना शाखाका अधिकृत मनोज कुमार यादव, राजविराज नगरपालिका–१३ का गजेन्द्र यादव र राजविराज नगरपालिका–९ का सुधिर यादव सहित ५÷६ जनाको समूहमा आएका व्यक्तिले अघिल्लो दिन साँझको समयमा कार्यालयमा बैठक बसेका बेला विभिन्न फाँट र आफ्नो कार्यकक्षमा प्रवेश गरी सरसामान क्षतविक्षत बनाएको, टि–टेवल, गमला र पानीको जार तोडफोड गरेको र आफूलाई लक्षित गरी अभद्र गाली बचन प्रयोग गरेको उजुरीमा उल्लेख गरेकी छन् । घट्नाका बेला सिसीटिभी क्यामेरामा कैद भएका फुटेजहरु समेत पेनड्राईभमा राखी बुझाइएको उजुरीपत्र मार्फत उनीहरुलाई अविलम्व पक्राउ गरी सार्वजनिक भौतिक संरचनाको अनाधिकृत कब्जा, विनाश एवम् अपराधिक उपद्रव तर्फ कारवाही चलाउन माग गरिएको छ । उजुरीमार्फत उनले आफ्नो सुरक्षा तथा अपराधिक गतिविधी गर्ने कर्मचारीसहितका ब्यक्तिहरुलाई अविलम्ब पक्राउ गरी मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ६ बमोजिम कारवाही हुनु पर्ने माग गरेकी छन् । उजुरीमा उनले गत वर्षको असार महिनामा सरसफाइकर्मीले काम गरेको १७ दिनको तलब बाँकी रहेको र योजना अधिकृत यादवल भुक्तानीमा बखेडा झिकेपछि करिब एकसय जना सरसफाइकर्मी काम छाडेर नगरपालिका कार्यालयको प्रवेशद्वारमै धर्नामा वसेको समेत उल्लेख गरेकी छन् । योजना अधिकृत यादवकै कारण सरसफाइकर्मी कार्यालयको प्रवेशद्वारमै कुचो थुपारेर काम रोक्दा नगरको सरसफाइ कार्य समेत प्रभावित बनेको भन्दै उनले कार्यालयमा काम गर्ने वातावरणका लागि सुरक्षा सहितका व्यवस्था मिलाउन आग्रह गरेकी छन् । उनले कार्यपालिकाको निर्णयको समेत पटक–पटक वेवास्ता तथा अवज्ञा गरेका योजना अधिकृत यादवकै कारण नगरपालिकाको विभिन्न विकास निर्माण र योजनाहरु प्रभावित हुँदा प्राप्त बजेटको २० प्रतिशत रकम मात्र अहिलेसम्म खर्च हुन सकेको बताएकी छन् ।

# रूपनगर क्याम्पसमा 'समुदायमा सरकारी वकील' विषयक अन्तक्रिया

**मधेशदृष्टि**
**सप्तरी ।**
रूपनगर नन्दराज संग्रौला क्याम्पस र उच्च सरकारी वकील कार्यालय राजविराजको संयुक्त आयोजनामा 'समुदायमा सरकारी वकील' शीर्षकमा अन्तक्रि्रया कार्यक्रम सम्पन्न भएको छ । क्याम्पस परिसरमै आयोजित कार्यक्रममा फौजदारी न्याय प्रणालीका विविध पक्षबारे जानकारीमूलक प्रस्तुति र प्रत्यक्ष संवाद गरिएको थियो ।

कार्यक्रमको प्रमुख उद्देश्य समुदायमा कानुनी चेतना फैलाउनु तथा सरकारी वकीलहरूको भूमिकाबारे सशक्त बहस गर्नु रहेको आयोजकहरूले जनाएको छ । कार्यक्रममा सहायक न्यायाधिवक्ता विकास बञ्जाराले फौजदारी मुद्दाको प्रक्रिया, मुद्दा दर्तादेखि फैसलासम्मको चरण, सरकारी वकीलको भूमिका लगायतका विषयमा विस्तृत प्रस्तुति दिएका थिए । प्रस्तुति पछि विद्यार्थी, शिक्षक र कर्मचारीहरूबीच सरकारी वकीलहरूसँग प्रश्नोत्तर सत्र पनि सञ्चालन भयो ।यद्यपि कार्यक्रमको मूल विषय फौजदारी न्याय प्रणाली भए पनि अन्तक्रि्रयाको क्रममा सहभागीहरूले वैवाहिक समस्या, पारपाचुके, साइबर अपराध, बालअधिकार जस्ता विविध सामाजिक–न्यायिक विषयमा समेत जिज्ञासा राखेका थिए । उप–न्यायाधिवक्ता नवराज रेग्मी, सहायक न्यायाधिवक्ता विद्यानन्द साह लगायतका कानुनी विज्ञहरूले सहभागीहरूको प्रश्नको जवाफ दिँदै कानुनी प्रक्रियाको व्याख्या गरे । कार्यक्रमको सभापतित्व सह–न्यायाधिवक्ता धर्मअवतार कोइरालाले गरेका थिए भने प्रमुख अतिथि रूपनगर क्याम्पस प्रमुख प्रा. दीपक कुमार गजुरेल थिए । उनले समुदायमा कानुनी चेतना अभिवृद्धिका लागि यस्ता कार्यक्रमहरू अझ सघन रूपमा हुनुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा क्याम्पसका विद्यार्थी, प्राध्यापक, प्रशासनिक कर्मचारी तथा स्थानीय समुदायका सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । आयोजक क्याम्पस र सरकारी वकील कार्यालयले आगामी दिनमा अझै व्यापक सहभागिता र विविध विषयमा यस्ता कार्यक्रम गर्ने प्रतिबद्धता जनाएका छन् ।

# वीरगंजको मुख्य नालाको सफाइ कार्य शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मुख्य नालाको सफाइ कार्य अन्ततः शुरु भएको छ । हरेक वर्ष मनसुनमा डुबानको सास्ती झेल्दै आएको शहरका बासिन्दाका लागि यो अभियान दीर्घकालीन समाधानको सुरुआतका रूपमा हेरिएको छ । वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको नेतृत्वमा शुरु गरिएको सरसफाइ अभियानमा डोजर, जेसीबी, ट्रकजस्ता उपकरण र ठूलो संख्यामा जनशक्ति परिचालन गरिएको छ । दशकौंको फोहोर, प्लास्टिक, माटो, ढुंगा र निर्माणजन्य अवशेषले अवरुद्ध बनेको मुख्य नाला अब विस्तारै खुल्दैछ ।

महानगरले मुख्य नालासँगै शहरका अन्य क्षेत्रमा रहेका साना–ठूला नालाहरू पनि चरणबद्ध रूपमा सफा गर्दै लैजाने योजना अघि सारेको छ । यो अभियानले वीरगंजलाई स्वच्छ, सुरक्षित र व्यवस्थित शहरतर्फ डोर्याउने संकेत दिएको छ ।

# कर्मचारीमथि भएको हातपातप्रति युनियनको आपत्ति

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको राजपुर नगरपालिका–४ मा बिनादर्ता सञ्चालित औषधि पसल अनुगमनका क्रममा औषधि व्यवस्था विभागका निरीक्षकमाथि भएको हातपात र अभद्र व्यवहारप्रति नेपाल निजामती कर्मचारी युनियनले आपत्ति जनाएको छ । औषधि व्यवस्था विभाग अन्तर्गत युनियनको प्राथमिक कार्य समितिले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै दोषीमाथि कडा कारबाही गर्न माग गरेको हो । अनुगमन टोलीमा विभागका शम्भु शाहको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय रौतहटका प्रतिनिधि र प्रहरी निरीक्षकको टोली पनि सहभागी थियो । अनुगमनको क्रममा निरीक्षक ओम जयसवाल र अमर शर्मा केही स्थानीयले दुव्र्यवहार र हातपात गरेको युनियनले जनाएको छ । यस्ता घटनाले कर्मचारीको मनोबल गिराउनुका साथै जनमुखी सेवा प्रवाहमा नकारात्मक असर पार्ने युनियनको भनाइ छ ।

# गरुडाका ६६ छात्रालाई साइकल उपहार

**मधेशदृष्टि**
**रौतहट ।**
घरदेखि टाढाको विद्यालय जार्नुपर्ने बाध्यताले पढाइ नै छोड्नु पर्ने अवस्था रहेको रौतहटको अति विपन्न दलित वर्गका छात्रा साइकल उपहार पाएपछि खुसी भएका छन् । गरुडा नगरपालिकाले पालिकाभित्र रहेका कक्षा–८ मा अध्ययनरत अति विपन्न दलित परिवारका छात्राले पालिकाबाट साइकल उपहार पाएपछि माध्यमिक तथा उच्च शिक्षा हासिल गर्न घरदेखि टाढाको विद्यालय वा क्याम्पस पढ्न सहज भएको भन्दै खुसी भएका हुन् । पालिका प्रमुख कन्थमणीप्रसाद जयसवालले पालिकामा आधारभूत तह उत्तीर्ण गरेका अति विपन्न दलित परिवारका ६६ जना छात्रालाई दिएको साइकल उपहारले उनीहरुलाइ माथिल्लो कक्षा अध्ययन गर्न हौसलामिलेको बताए । उनले शिक्षामा समान अवसर सुनिश्चित गर्न र दलित बालिकाको विद्यालय पहुँचमा सहज बनाउन साइकल उपहार कार्यक्रमले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे ।


**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

## Invitation for Electronic Bids

Date of First publication: 2082-02-09 (23rd May, 2025)

Janakpurdham Sub-Metropolitan City invites electronic bids from registered contractors for below Mentioned works.For Further Information and More Details about the bid, Bidders may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Including VAT | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| 26/2081/82/NCB/WORKS | Construction of Uncompleted Roads in Janakpurdham Sub-Metropolitan City | 49,95,508.88 | 1,40,000.00 | 2082-03-08, 12:00hrs | 3000.00 |
| 27/2081/82/NCB/WORKS | Electrification in Agriculture Road at Ward No. 15 | 28,79,413.85 | 80,000.00 | 2082-03-08, 12:00hrs | 3000.00 |

Chief Administrative Officer

सम्पादकीय

# बढेकै हो त माओवादीप्रति आशा ?

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी केन्द्रप्रति जनतामा नयाँ आशा पलाएको बताएका छन् । मध्यपहाडी लोकमार्ग जनजागरण अभियानक्रममा बागलुङको बुर्तिबाङ पुगेर उनले पार्टी नयाँ गतिमा अगाडि बढिरहेको उल्लेख गरे । हुलाकी राजमार्ग हुँदै मधेश जागरण अभियान चलाएपछि देशका विभिन्न भूगोलमा पुगेर माओवादी जनतासँग एकीकृत हुन खोज्दैछ । जनताका आडभरोसा लिन खोज्दैछ । यसैक्रममा बागलुङमा पनि अध्यक्ष दाहालले दोहोर्याए कि जनतामा माओवादीसँग भरोसा भढिरहेको छ । मुलुकमा राजावादीहरुको सक्रियता बढिरहँदा प्रचण्डको देशाटन पक्कै गणतन्त्रको पृष्ठपोषणका लागि कामयाव हुनु पर्ने हो ।

मध्यपहाडी जनजागरण अभियानमा आमनागरिकको गुनासा र सुझाव ग्रहण गर्दै पार्टी अगाडि बढिरहेको बताउँदै अध्यक्ष दाहालले अभियानले देशमा नयाँ राजनीतिक वातावरण बनाउने विश्वास व्यक्त गरेका छन् । पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले आगामी दिनमा राष्ट्रिय एकतालाई सुदृढ गर्दै किसान, मजदुरका, उत्पीडन वर्गका समस्या समाधानमा केन्द्रित हुने वातवरण बनाउने विषय पनि भन्न बाँकी राखेनन् । आफू प्रधानमन्त्री हुँदा देशमा ठूला परिवर्तन भएको भन्दै अध्यक्ष दाहालले राष्ट्रिय गौवरको आयोजना मध्यपहाडी लोकमार्गसहित अन्य कतिपय योजना तत्कालीन समयमा थालनी गरेको दाबी गरे । मध्यपहाडी लोकमार्गले मध्यपहाडमा बस्ने लाखौँ जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएको उनले बताए ।

नेपालमा स्वच्छ र स्वस्थ राजनीति गर्ने परिपाटीको विकास भएको छैन । अबमा दिनमा सबै राजनीतिक दल इमान्दारीपूर्वक जनताका पक्षमा केन्द्रित हुनुपर्ने जरुरी छ । पार्टीले शुरु गरेको मध्यपहाडी जनजगरण अभियानमा माओवादी केन्द्रप्रति जनताको आशा पलाएको पाएका छौँ । यो यात्रा आमनागरिकको सुझाव ग्रहण गर्ने र पार्टीलाई मजबुत बनाउनका लागि हो । पछिल्लो समय देशमा भ्रष्टाचार मौलाउँदै गएको बताउँदै प्रचण्डले यसलाई न्यूनीकरण गर्न पार्टीले खबरदारी गर्दै आएको उल्लेख गरेका छन् । यसो भनिरहँदा देशमा जेठ १५ गतेपछि हुने गणतन्त्रविरोधी आन्दोलनको क्षति चैँ कति होला ? यसबारे पनि राजनीतिक वृत्तमा अर्को शक्ति रिहर्सल गरिरहेको छ ।

# स्पा र वेलनेस पर्यटनको सम्भावना



सुरेश पुरी

स्पा र वेलनेसको अवधारणा मानव सभ्यताको प्रारम्भदेखि नै विद्यमान रहेको पाइन्छ । प्राचीन समयदेखि नै मानिसहरू प्राकृतिक स्रोतहरू जस्तै तातोपानी, जडीबुटी, ध्यान, योग र जल चिकित्साको माध्यमबाट आफ्नो शारीरिक, मानसिक र आत्मिक स्वास्थ्य सन्तुलनमा ध्यान दिने गर्दथे । आजको युगमा मानिसहरुको जीवन अन्त्यन्तै व्यस्त र तनावपूर्ण हुने गरेको छ । कामको तनाव, अनियमित खानपान र अपर्याप्त आरामले गर्दा मानिस विभिन्न शारीरिक र मानसिक स्वास्थ्य समस्याबाट पीडित छन् । यसको समाधानको उपायको रूपमा विश्वभर स्पा र वेलनेशलाई लिन थालिएको छ ।

मेसोपोटामिया, मिश्र र भारतमा परम्परागत चिकित्सा पद्धति र प्राकृतिक उपचारको अभ्यास प्राचीनकालदेखि चलिआएको छ । प्राचीन भारतमा आयुर्वेद र योगलाई शरीर, मन र आत्माको सन्तुलनका लागि उपयोग गरिन्थ्यो । ग्रीस र रोमन साम्राज्यमा तातोपानी स्नान अत्यन्त लोकप्रिय थिए । त्यहाँ स्नान, विश्राम र सामाजिक जमघट सँगसँगै स्वास्थ्य सन्तुलनमा जोड दिइन्थ्यो । चीन र जापानमा तातोपानी, अकुपञ्चर÷अकुप्रेसरजस्ता प्राकृतिक उपचार पद्धति स्वास्थ्य सन्तुलनको लागि प्राचीनकालदेखि चलिआएका छन् ।

आजको २१औँ शताब्दीमा स्पा र वेलनेस केवल स्वास्थ्य सेवाको रूपमा मात्र नभई खरबौँ डलरको विश्वव्यापी उद्योग बनेको छ । वेलनेस भन्नाले केवल रोगको अभाव मात्र होइन, यो जीवनशैलीको एक सक्रिय प्रक्रिया हो, जसले व्यक्तिलाई आफ्नै शरीर, मन र आत्मासँग जोड्न मद्दत गर्छ । डिजिटल जीवनशैली र मानसिक समस्याको वृद्धि, दीर्घकालीन रोगको जोखिम र मानिसको स्वास्थ्यप्रतिको सचेतनाले वेलनेस र स्पा सेवाको माग विश्वव्यापी रूपमा बढेको पाइन्छ । दिगो वेलनेस पर्यटन, पर्यावरणमैत्री स्पा, चिकित्सकीय वेलनेस, स्वास्थ्य केन्द्रित चिकित्सा सेवा, परम्परागत र आधुनिक चिकित्सा संयोजन जस्ता नयाँ विधा विकसित भएका छन् । कोभिड–१९ महामारीपछि मानसिक स्वास्थ्य, रोगप्रतिरोधात्मक क्षमतामा वृद्धि÷समष्टिगत तन्दुरुस्तताप्रति विश्वभर नयाँ चासो देखिएको छ । त्यसैले मानिसहरू शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक सन्तुलनको खोजीमा छन् ।

नेपालमा स्पा र वेलनेस

नेपाली सन्दर्भमा वेलनेस भन्नाले 'कल्याण' हो, जसले शारीरिक, मानसिक, भावनात्मक, सामाजिक र आध्यात्मिक पक्षहरूको सन्तुलनलाई जनाउँछ । यो अवधारणा नेपालमा नयाँ होइन, यसको जरा हाम्रो परम्परागत आयुर्वेद, योग, ध्यान, जडीबुटी उपचार र प्राकृतिक जीवनशैलीमा गहिरो रूपमा जोडिएको छ । देशका विभिन्न स्थानमा रहेका तातोपानी कुण्डलाई प्राकृतिक जलचिकित्साको रूपमा लिने गरिन्छ । नब्बेको दशकपछि होटलहरुमा स्पा सेवाको थालनी भएको पाइन्छ । फुलबारी रिसोर्ट एण्ड स्पा नेपालकै पहिलो स्पा रिसोर्ट थियो । विसं २०५० सालतिर काठमाडौँ र पोखराका केही होटलमा विदेशी पर्यटकलाई लक्षित गरी स्पा सेवा शुरु भयो । अहिले भने नेपालभर स्पाको संख्या एक हजारभन्दा बढी पुगेको छ ।

नेपाली समाजमा शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र सामाजिक सन्तुलनलाई महत्व दिइन्छ । यसले वेलनेसको व्यापक अर्थलाई समेटछ । आफ्नो प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र परम्परागत उपचार पद्धतिलाई उपभोग गरी वेलनेश गन्तव्यको रूपमा स्थापित गर्न सकिने सम्भावना छ । पछिल्लो १५–२० वर्षमा निजी क्षेत्रको अग्रसरताले यो क्षेत्रलाई व्यावसायिक रूपमा अघि बढाएको छ र बेलनेस पर्यटनलाई नेपालको पर्यटन क्षेत्र विविधीकरण गर्ने अवसरको रूपमा हेरिन थालेको छ । नेपालका अधिकांश लक्जरी होटल तथा रिसोर्टले अहिले स्पा र वेलनेस सेवा दिइरहेका छन् । यसमा अर्बौं रूपैयाँको लगानी र हजारौँ व्यक्तिले रोजगारी पाएका छन् । हालका स्पा सञ्चालकले आफ्ना वर्षौँको अनुभव पाँचतारे होटलमा काम गर्दै वा विदेशी अन्तरराष्ट्रिय चेन होटलबाट सिकेर सीप आर्जन गरेका हुन् ।

नेपालको प्राकृतिक सौन्दर्य, हिमालयको शान्त वातावरण र समृद्ध सांस्कृतिक विरासतले यसलाई वेलनेस पर्यटनको लागि एक आदर्श गन्तव्य बनाउँछ । विश्वभर बढ्दो वेलनेस पर्यटनको मागलाई मध्यनजर राख्दै नेपालले आफ्नो प्राकृतिक र सांस्कृतिक सम्पदालाई उपयोग गरी यस क्षेत्रमा आफ्नो पहिचान बनाउन ठूलो सम्भावना राख्दछ । अन्तरराष्ट्रिय पर्यटक नेपालमा योग, आयुर्वेद र प्राकृतिक उपचारको अनुभव लिन आउँछन्, जसले गर्दा नेपालको पर्यटक आगमनमा उल्लेख्य वृद्धि र तिनको बसाइलाई लम्ब्याउन सकिन्छ । सँगसँगै यसले स्थानीय संस्कृति र परम्परालाई संरक्षण गर्छ र नेपाललाई विश्वको नक्सामा एक स्वास्थ्य र आरामको गन्तव्यको रूपमा स्थापित गर्न मद्दत पुग्दछ ।

**वेलनेसबाट हुने फाइदा**

वेलनेस पर्यटनले नेपाललाई धेरै प्रकारका फाइदा दिन्छ । यसले पर्यटन उद्योगलाई बढावा दिनुको साथै स्थानीय अर्थतन्त्रलाई पनि मजबूत बनाउँछ । स्पवा तथा वेलनेसको प्रवद्र्धनबाट व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधारको साथै रोजगारी सिर्जना र मुलुकको आर्थिक समृद्धिमा योगदान पुग्दछ ।

स्वास्थ्यमा फाइदाः आधुनिक जीवनशैलीले मानिसलाई विभिन्न स्वास्थ्य समस्याबाट जोगिन गाहे बनाएको छ । तनाव, अनिद्रा, मांसपेशी दुखाई र मानसिक अशान्तिजस्ता समस्या बढ्दै गइरहेका छन् । यसले विश्वभर मानिस आफ्नो शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्य सुधार गर्न स्पा र वेलनेश सेवाको खोजीमा छन् । वेलनेस सेवाजस्तै मालिस, योग, ध्यान, आयुर्वेदिक उपचार र प्राकृतिक चिकित्साले मानिसलाई तनावमुक्त गर्न, शरीरिलाई आराम दिन र मनलाई शान्त बनाउन मद्दत गर्दछ । यसले समग्र रूपमा समाजको उत्पादकता र जीवनस्तरमा पनि सुधार ल्याउछ ।

वेलनेस पर्यटनले मानिसहरूको शारीरिक र मानसिक स्वास्थ्यमा ठूलो प्रभाव पार्छ । आयुर्वेदिक उपचार, योग, र ध्यानले तनाव, अनिद्रा र मांसपेशी दुखाईजस्ता समस्याको समाधान गर्छ । यसले नयाँ स्वास्थ्य चुनौतीजस्तै नेकटेक (टेक्नोलोजी प्रयोगबाट हुने गर्धन दुखाई)को समाधानमा पनि मद्दत गर्छ । स्पाले शारीरिक र मानसिक स्वास्थ्य दुबैका लागि धेरै लाभ प्रदान गर्दछ । शारीरिक रूपमा यसले तनाव कम गर्न, रक्तसञ्चार सुधार गर्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्दछ । मानसिक रूपमा, स्पाले विश्राम अनुभूति दिलाउने, चिन्ता र डिप्रेसन घटाउने तथा समग्र जीवन सन्तुलन बढाउने काम गर्छ ।

विश्वभर मानसिक स्वास्थ्य समस्याको वृद्धि, बढ्दो प्रतिस्पर्धा र तीव्र गतिमा बदलिँदो जीवनशैलीले वेलनेस पर्यटनप्रतिको माग उल्लेखनीय रूपमा बढाएको छ । पर्यटक यात्रा गर्दासमेत तनाव घटाउने र आफ्नो समग्र स्वास्थ्य सुधार गर्ने उपायको खोजीमा हुन्छन् । यस प्रवृत्तिले स्पा उपचार, योग रिट्रिट र अन्य समग्र अभ्यासलाई झन् लोकप्रिय बनाएको छ । मानिसहरू अब वेलनेसलाई केबल उपचारको रूपमा नभई जीवनशैलीको अङ्ग बनाउँदैछन् । वेलनेसले शरीर र मनप्रतिको सजगता बढाउने, खानेकुरामा रुची जगाउने, मध्यमस्तरको तनाव र व्यायामको सन्तुलन कायम राख्न मद्दत गर्ने हुँदा यो हाम्रो जीवनशैलीको नियमित भागको रूपमा रहेको छ ।

शारीरिक तन्दुरुस्तीः मसाज, तातोपानीजस्ता स्पा उपचारले मांसपेशीमा भएको तनाव हटाउन, दीर्घकालीन पीडा कम गर्न र जोर्नीहरूको गतिशीलता सुधार गर्न सहयोग गर्छन् । तातोपानी स्नान, विपरीत तापक्रमको पानी र मसाजले रक्तसञ्चार बढाउन सहयोग पु¥याउँछ । यसबाट शरीरभरी अक्सिजन र पोषक तत्व राम्रोसँग आपूर्ति गर्न मद्दत पुग्दछ । स्पा उपचारले शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न सहयोग गर्छ, समग्र स्वास्थ्य सुदृढ गर्छ र रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन सहयोगी हुन्छ । विशेषगरी मसाजजस्ता स्पा उपचारले मानसिक तनाव घटाएर विश्राम अनुभूति दिलाउँछ । निद्राको गुणस्तर र बानीमा सुधार पनि ल्याउँछ । स्पा उपचारले छालाको स्वास्थ्य सुधार गर्न सहयोग गर्छन्, जसले छालालाई उज्यालो, मृदु र आकर्षक बनाउँछ ।

मानसिक स्वस्थताः मसाज, अरोमाथेरापीजस्ता स्पा उपचारले तनाव हर्मोनको मात्रा घटाउँछ र मानसिक शान्ति अनुभूति गराउँछन् । स्पाको शान्त वातावरण र उपचारले मानसिक सन्तुलन कायम राख्न, चिन्ता र डिप्रेसनका लक्षण कम गर्न तथा खुशीको अनुभूति बढाउन सहयोग गर्छ । रक्तसञ्चार सुधार हुने भएकाले स्पा उपचारले मानसिक स्पष्टता, एकाग्रता र सोच्ने क्षमतालाई बढावा दिन्छ । स्पा उपचारले शरीरमा इन्डोरफिन्स, डोपामाइन–सेरोटोनिन जस्ता 'सुखद्' हर्मोनको उत्पादन बढाउँछ, जसले ऊर्जास्तर र 'मुड' सुधार गर्न मद्दत गर्छ । स्पामा समय बिताउँदा आत्म–हेरचाहको अनुभूति हुन्छ । यसबाट व्यक्तिले आत्म–सम्मान र आत्मविश्वास बढाउँछ र सकारात्मक आत्म–छविमा सुधार आएको अनुभूति गर्दछ ।

रोजगारी सिर्जनाः विश्वका धेरैजसो मुलुकमा वेलनेस पर्यटनको माध्यमबाट राज्यले राम्रो आम्दानी गर्नुको साथै स्थानीय रोजगारी सिर्जना भएको छ । नेपाल भ्रमणमा आउने पर्यटकलाई मात्रै लक्षित गरेको अवस्थामा पनि पर्यटकको वसाइ लम्ब्याउनुको साथै उनीहरुले खर्च गर्ने ठाउँ बन्नसक्छ ।

**चुनौतीहरू र समाधान**

नेपालमा वेलनेस पर्यटनको विकासमा धेरै चुनौती छन् । यसको लागि सरकार, निजी क्षेत्र, र स्थानीय समुदायको सहयोग आवश्यक छ । पर्यटन मन्त्रालयले होमस्टे, होटल, र रिसोर्टका लागि मापदण्ड तयार गरेको भए पनि अहिलेसम्म स्पा र वेलनेस क्षेत्रका लागि मापदण्ड बनाएको छैन । विश्वभर लक्जरी स्पा र होटलमा अत्यधिक माग भए पनि, धेरै नेपाली युवालाई यो उद्योगबारे अझै पर्याप्त जानकारी छैन ।

नेपालमा स्पा र वेलनेस सेवाका लागि स्पष्ट मापदण्ड नहुँदा केही विकृति विसङ्गति देखिएका छन् । यसले गर्दा सेवाको गुणस्तरमा असर पर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)ले मसाज थेरापी, योग र सौन्दर्य चिकित्साको प्रशिक्षण दिन सकेको छ । सिटिइभिटीले वेलनेससम्बन्धी पाठ्यक्रम तयार गरी त्यसअनुसार जनशक्ति तयार गर्न सकिएमा रोजगारीको अवसर विस्तार हुनेछ ।

**निष्कर्षः**

नेपालले वेलनेस पर्यटनमा सफल हुन धेरै कदम चाल्न आवश्यक छ । नेपाल र विश्व बजारमा स्पा तथा वेलनेस क्षेत्रमा रोजगारीका अवसर निकै आकर्षक बन्दै गएका छन् । यो क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च छ र तलब पनि प्रतिस्पर्धात्मक छ । नेपालका अधिकांश स्पा व्यवसायी पनि कहिल्यै न कहिल्यै स्पा व्यावसायिक भएरै आफ्नो 'करिअर' शुरू गरेका थिए । यो क्षेत्रमा व्यवसायी बन्ने अवसर पनि सजिलो छ, किनभने सीप, अनुभव र लगनशीलताबाट नै यो उद्योगमा सफल हुन सकिन्छ । युवाले स्पा तथा वेलनेसलाई गम्भीर रूपमा लिएर आफ्नो भविष्यको 'करिअर'को रूपमा हेर्नु आवश्यक छ, किनभने यो क्षेत्रले देशभित्र र विदेशमा उत्कृष्ट रोजगारी र व्यावसायिक सम्भावना प्रदान गर्छ ।

नेपालमा वेलनेस पर्यटनको भविष्य उज्ज्वल छ । यसले न केवल स्वास्थ्य र आराम प्रदान गर्छ, तर यसले नेपालको अर्थतन्त्र र पर्यटन उद्योगलाई पनि बढावा दिन्छ । नेपाललाई वेलनेस पर्यटनको गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायको सहयोग आवश्यक छ । यसलाई व्यवस्थित, गुणस्तरीय र दिगो बनाउन स्पष्ट नीति, मापदण्ड, तालिम र अनुगमनका लागि यो निर्देशिका अत्यन्त आवश्यक छ । नेपाल सरकारले अन्य पर्यटन क्षेत्रझैँ वेलनेस पर्यटनका लागि छुट्टै निर्देशिका तत्काल लागू गर्नुपर्ने आवश्यकता छ । रासस

# आफ्नो मृत्युबारे आजै तयारी गर्ने कि !



. सन्देशरमण पराजुल

*हरिरामले ७५ वर्षको उमेर पुग्दासम्म कहिल्यै आफ्नो अन्तिम दिनहरूबारे सोचेनन् । गाउँमा जन्मेका उनी, जीवनमा जस्तासुकै समय आए, त्यसलाई त्यही रूपमा बहन गर्ने उनको स्वभाव थियो । जे आउँछ, त्यही सहुँला भन्ने उनी, अस्पतालको ओछ्यानमा अचेत परेपछि भने आफ्ना सन्तानलाई गम्भीर द्विविधामा छाडेर गए । उनलाई अचानक गम्भीर रोग लागेपछि भेन्टिलेटरमा राख्ने कि शान्तिपूर्वक बिदा दिनेबारे परिवारभित्र मतभेद भयो, तर अन्तिम निर्णय कसैले लिन सकेन । अन्ततः अस्पतालले उनलाई मेसिनहरूको भरमा जीवित राख्यो। दिनदिनै छोराछोरी आएर उनको छेउमा उभिए, तर कुनै निष्कर्षमा पुग्न सकेनन्। एक बिहान मेसिनले अलर्ट दियो– उनको मुटु बन्द भयो। अन्तिम क्षणहरू उनले अरूकै हातमा बिताए। प्रियजनको हात समातेर जीवन बिताउने अवसर उनलाई जुटेन ।*

*६५ वर्षीया सरस्वतीले भने आफ्ना अन्तिम दिनहरूबारे पहिले नै सोचिसकेकी थिइन् । जब डाक्टरले उनको मिर्गौला फेल भएको खबर दिए, उनले जीवनको अन्तिम अध्याय योजनाबद्ध बनाउन थालिन् । 'म अस्पतालको ओछ्यानमा यन्त्रहरूमा बाँधिएर मर्न चाहन्नँ । आफ्ना नातिनातिनासँग हाँसेर, आफ्नै घरको बगैँचाको फूलबारीको सुवास लिँदै, नातिनातिनाहरू हेर्दै र भजन सुन्दै बिदा लिन चाहन्छु ।' उनले परिवारलाई खुलेर आफ्नो इच्छा सुनाइन् । शुरूमा परिवारले यस्तो कुरा नगरौँ भनेर उनको कुरा टार्न खोजे, तर उनले आफ्नो चाहना सुनिश्चित गर्न 'पाँच इच्छा' (फाइब विशेष) भरेर छोराछोरीलाई दिइन् । त्यहाँ जीवनका अन्तिम क्षणमा केके गर्ने भन्ने महत्त्वपूर्ण कुरा थियो ।*

*अन्तिम समय आयो । उनी आफ्नै ओछ्यानमा पल्टिरहेकी थिइन् । छोरीले कपाल सुमसुम्याउँदै थिइन्, नातिनीले गितारको मीठो धुनमा भजन गाइरहेकी थिई । कोठाभरि अस्पतालको औषधिको चिसो गन्ध होइन, चमेलीको सुवास फैलिएको थियो। सरस्वतीले बिस्तारै आँखाभरि माया पोखेझैँ परिवारलाई हेरिन् । छोराको हात समाउँदै बिस्तारै भनिन्, 'म ढुक्क छु, अब जाने बेला भयो ।' परिवारका सबैका आँखा रसाए, तर बिदा गर्नेहरूको मन हलुका थियो, किनभने उनले आफूले चाहेजसरी बिदा लिन पाइन् ।*

*हाम्रो समाजमा मृत्युबारे खुलेर कुरा गरिँदैन । गम्भीर रोग लागेका कतिपय बिरामीलाई त के भइरहेछ भन्ने समेत थाहा हुँदैन । डाक्टरसँग परिवारले मात्र छलफल गर्छ, 'बिरामीले थाहा पाए पिर लिन्छन्' भन्ने सोच राखेर । बिरामीले के चाहन्छ भन्नेबारे थाहा नहुँदा परिवारलाई निर्णय गर्न कठिन हुन्छ– उपचार गर्ने कि नगर्ने ? गरे के गर्ने ? उपचार गर्दागर्दै ठिक नभए कहिलेदेखि बाटो फेर्ने ? यस्ता यावत् प्रश्न मनमा उठ्नु स्वाभाविक हो । चिकित्सकहरूलाई पनि कहिलेकाहीँ बिरामीको अन्त्य नजिकिएको कुरा भन्न गाह्रो लाग्छ ।*

*यसै कारण, अन्तिम समयसम्म अनावश्यक उपचारको दौडधुप चलिरहन्छ, जसले बिरामीको जीवन सहज बनाउनुको सट्टा झन् कष्टकर बनाइदिन्छ । जसरी जन्म निश्चित छ, त्यसैगरी मृत्यु पनि अवश्यम्भावी छ । तर अन्तिम दिनहरू अस्पतालका पर्खालभित्र, यन्त्रहरूमा बाँधिएर बिताउने कि आफ्ना प्रियजनको हात समाउँदै, आफ्नै घरको कोठा–आँगनमा प्रियजनको रेखदेख र आसपास बिताउने यो निर्णय हाम्रै हुनुपर्छ ।*

*यदि हामीले पहिल्यै आफ्नो इच्छा व्यक्त ग¥यौँ भने परिवारले अपराधबोध महसुस गर्नुपर्दैन । यो निर्णय कुनै पनि वयस्क मानिसले जति बेला पनि गर्न सक्छ । न बुढ्यौली कुर्नुपर्छ, न गम्भीर रोग पर्खिनुपर्छ । किनकि, कसैले बोलाएर मृत्यु आउने होइन । त्यसो हुँदा, कानूनी रूपमै मृत्यु इच्छा जनाउन सके झनै राम्रो । पश्चिमी देशहरूमा एड्भान्स डाइरेक्टिभ्स (अग्रिम निर्देशन) र लिभिङ विल (इच्छापत्र) जस्ता योजनाहरू लोकप्रिय छन् । विभिन्न रिपोर्टका अनुसारअनुसार अमेरिकाको करिब ४० प्रतिशत जनसंख्याले एड्भान्स डाइरेक्टिभ्स पूरा गर्छन्, जसमा ३० प्रतिशतले इच्छापत्र तयार गरेको देखिन्छ । यस्तै दर दीर्घकालीन रोगीहरू (३८.२ प्रतिशत) र स्वस्थ वयस्कहरू (३२.७ प्रतिशत) मा पनि देखिन्छ ।*

*त्यस्तै, जीवनको अन्तिम चरणमा बिरामीको उपचारभन्दा पनि बाँकी समय सहज बनाउनेमा हस्पिस केयर (एक विशेष प्रकारको स्वास्थ्य सेवा हो, जुन सामान्यतया गम्भीर र उपचार सम्भव नहुने रोगबाट ग्रसित व्यक्तिहरूलाई प्रदान गरिन्छ। यो सेवाको मुख्य उद्देश्य रोगको उपचारभन्दा बिरामीको जीवनको गुणस्तर सुधार गर्नु, शारीरिक, भावनात्मक, र आध्यात्मिक सहायता प्रदान गर्नु हो) ले महत्त्वपूर्ण भूमिका खेल्छ । यसले बिरामीलाई मात्र होइन, परिवारलाई पनि भावनात्मक सहारा प्रदान गर्छ। अमेरिकालगायत देशमा लोकप्रिय यो सेवाअन्तर्गत, अमेरिकामा सन् २०२२ मा करिब १६ लाख बिरामीले हस्पिस हेरचाह प्राप्त गरे । सन् १९८३ मा मेडिकेयर हस्पिस लाभ शुरू भएयता, यसको प्रयोग उल्लेखनीय रूपमा बढ्दै गएको छ, र हरेक वर्ष वृद्धिको दर निरन्तर जारी छ ।*

*प्रायः सबै मानिस अस्पतालको चिसो कोठाभन्दा आफ्नै घरको न्यानोपनमा, प्रियजनहरूको साथ अन्तिम बिदा लिन चाहन्छन् । यस्तो तयारीले परिवारलाई छिटै बित्ने आफन्तसँग निकट रहने र भोलिका लागि सम्झनाको अवसर दिन्छ । त्यसो हुँदाहुँदै पनि हामी भने अझै पनि 'जे आउँछ, त्यही सहुँला' भन्दै मृत्युबारे कुरा गर्न हिच्किचाउँछौँ । जसले गर्दा अन्तिम समयमा निर्णय लिनुपर्ने जिम्मेवारी परिवारमाथि आउँछ । 'अब के गर्ने ?' भन्ने प्रश्नले उनीहरूलाई रातभर निदाउन दिँदैन । कति पटक परिवारका सदस्य आँखाभरि आँसु लिएर एक अर्कालाई हेरिरहन्छन् तर बोल्न सक्दैनन् ।*

*बचपनका स्वादहरू, आफ्नै ठाउँका सुवासहरू, प्रियजनको हाँसोसँगै जीवनबाट बिदा लिन सकिन्छ भनेर हामी किन सोच्न सक्दैनौँ ? गुन्द्रुकको झोल, सेलरोटी, ढिँडो चाख्दै, फेवातालको बतास, काठमाडौँका गल्ली, बाल्यकालका सम्झनासँगै, नातिनातिनासँग रमाउँदै, तुलसीको बास्नामा श्वास फेर्दै अन्तिम दिनहरू बिताउन सम्भव छ । यदि तपाईंले पहिल्यै आफ्नो इच्छा स्पष्ट गर्नुभयो भने, उनीहरूलाई तपाईंको मृत्यु अवस्थालाई लिएर कमसेकम अपराधबोध हुँदैन । तपाईंको शब्दहरू नै उनीहरूको मार्गदर्शन बन्छ । 'बुबाले भनेकै यही हो । आमाले चाहनुभएको यही थियो ।'*

*मृत्यु स्वाभाविक छ, तर कसरी अन्तिम बिदा लिने भन्ने निर्णय हाम्रै हातमा हुनुपर्छ । हामीले जीवनभर अरूका लागि योजना बनायौँ– सन्तान, करियर र घर। तर, के हामीले आफ्नै अन्तिम दिनको योजना बनाएका छौँ ? यदि छैन भने अब सोच्ने बेला आएको छ । एड्भान्स डाइरेक्टिभ्स र लिभिङ विलजस्ता कागजात तयार गरेर हामी त्यसमा आफ्ना अन्तिम इच्छाहरू खुला रूपमा लेख्न सक्छौं; कस्तो उपचार चाहिन्छ वा चाहिँदैन ?, भेन्टिलेटरमा राख्ने कि नराख्ने ? मुटु बन्द भए सीपीआर गर्ने कि नगर्ने ?, कोही अरू तपाईंको तर्फबाट निर्णय गर्न सक्छ कि सक्दैन ?*

*यी प्रश्नहरूको उत्तर यदि पहिल्यै दिइयो भने अन्तिम समयमा परिवार र प्रियजन अन्योलमा रहनु पर्दैन। यसबाहेक, 'पाँच इच्छा' (फाइब विशेष) भन्ने दस्ताबेजमार्फत शारीरिक उपचार मात्र होइन, अन्य चाहना पनि उल्लेख गर्न सकिन्छ । तपाईंको तर्फबाट निर्णय लिने व्यक्ति छोराछोरी, बुहारी वा नातिनीमध्ये को हो ?, तपाईंलाई कस्तो उपचार आवश्यक छ वा छैन ? क्यान्सरजस्तो रोगमा किमो लिने वा नलिने ? अन्तिम समयमा कस्तो वातावरणमा रहन चाहनुहुन्छ ? गाउँ जान मन छ या तपाईंका प्रियजनहरूले तपाईंको कुनै कुरा जानुन् भन्ने चाहनुहुन्छ ? केही विशेष कुरा भन्न बाँकी छ ?यदि हामीले यीलगायत आफ्ना इच्छा खुला रूपमा अभिव्यक्त ग¥यौँ भने हाम्रो बिदाइ सहज र सम्मानजनक हुन्छ । यो निर्णय आज नगरे, भोली अरूले गर्नेछन् । त्यसबेला उनीहरूलाई तपाईंको अन्तिम इच्छा के थियो भनेर कसरी थाहा हुन सक्ला र ?*

# कोशी प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल

**विराटनगर ।**
कोशी प्रदेशसभाको बैठकमा आर्थिक वर्ष २०८२÷८३ का लागि प्रस्तुत भएको वार्षिक नीति तथा कार्यक्रममाथि बिहिवार छलफल भएको छ ।

कोशी प्रदेशसभा नियमावली, २०७४ को नियम ३८ को उपनियम १ बमोजिम सुरु भएको उक्त छलफलमा कोशी प्रदेशसभा सदस्यहरु गोम्बु शेर्पा, नारायणबहादुर मगर, सम्झना तामाङ थाम्साङ, मीना श्रेष्ठ, निर्मला लिम्बू, भीम पराजुली, मैया श्रेष्ठ, गोविन्द गिरी, डोल्मा तामाङ, कमला दर्नाल, रोहितबहादुर कार्की, नीरन राई, रामप्रसाद महतो, निमसरी राजवंशी, शोभा चेम्जोङ र गोपालबहादुर विश्वकर्माले आ–आफ्ना धारणा राखेका थिए ।

यसअघि प्रदेशसभामा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) संसदीय दलका नेता राजेन्द्रकुमार राईले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमअनुसार बजेट निर्माण गरेर जनतालाई सेवा सुविधा दिनुपर्ने कुरामा जोड दिए ।

उनले भाषा आयोगले कोशी प्रदेशमा कामकाजका लागि सिफारिस गरेको मैथिली र लिम्बू भाषालाई कार्यान्वयमा लैजानुपर्ने भन्दै जनताको दैनिक जीवनमा अनुभूति हुने किसिमको बजेट ल्याउन सरकारलाई सुझाव दिए ।

शून्य समयमा मुलुकको समसामयिक विषयमा कोशी प्रदेशसभा सदस्यहरु भक्तिप्रसाद सिटौला, हिमाल कार्की र इस्राइल मञ्जुरीले विभिन्न समस्यामा सरकार गम्भीर हुनुपर्ने बताए । कोशी प्रदेशसभाको बैठक शुक्रबार दिउँसो १ बजे बस्नेछ ।रासस

# ‘मुलुकको आवश्यकता र जनअपेक्षा अनुसार बजेट’

**काठमाडौँ ।**
आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट लेखनको अन्तिम तयारी भइरहेको छ । यसमा विभिन्न क्षेत्रबाट प्राप्त सुझावलाई समेत समेट्ने काम भइरहेको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले मुलुकको आवश्यकता तथा जनअपेक्षा, उपलब्ध साधन स्रोतको सीमा र प्राप्त सुझावलाई ध्यान दिएर बजेट लेखनको काम भइरहेको बताए । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र उनको टोली बजेट निर्माणमा केन्द्रित छ । अर्थ मन्त्रालयले आगामी आवको बजेटबारे सबै विषयगत मन्त्रालय, विभागहरु, राष्ट्रिय योजना आयोग, राजनीतिक दल, जनप्रतिनिधि तथा सम्बन्धित क्षेत्रका विज्ञसँग परामर्श गरेको थियो ।

अर्थ मन्त्री पौडेलले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लगायतसँग परामर्श गरेका थिए । यस्तै अर्थ मन्त्रालयले पूर्व अर्थमन्त्रीहरुसँग समेत परामर्श गरेको थियो ।

त्यसैगरी पूर्व अर्थ सचिवहरु, अर्थ विद्हरु, नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्सलगायतका विषयतगत सङ्घसंस्थाहरुसँग छलफल गरेको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ । विकास साझेदारहरुसँग पनि छलफल भएको छ ।

बजेट निर्माणका सन्दर्भमा जनप्रतिनिधिहरु, विभिन्न सङ्घ संस्थाका पदाधिकारी, नागरिकले पनि अर्थ मन्त्रालयलाई सुझाव दिएका थिए ।

अर्थ मन्त्रालयले बजेट सम्बन्धी सुझाव दिन सार्वजनिक रुपमा आह्वान गरेको थियो । सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त तथा प्राथिमकताबारे संसदमा छलफल भइसकेको छ ।

बजेटका सिद्धान्त र प्राथमिकतामा अर्थतन्त्रमा सुधार, रोजगारी सिर्जना, डिजिटल अर्थतन्त्रको निर्माण, भौतिक पूर्वाधारको विकास, सामाजिक सुरक्षालगायतलाई क्षेत्रगत प्रथामिकतामा राखिएको मन्त्रालयले जनाएको छ । यही जेठ १४ गते संसद्मा आर्थिक सर्वेक्षण र जेठ १५ गते बजेट वक्तव्य पेश हुनेछ ।रासस

# गणतन्त्र विरोधी गतिविधि कुनै पनि अवस्थामा स्वीकार्य छैनः मन्त्री गुरुङ

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सङ्घीय लोकतान्त्रिक गणतन्त्र व्यवस्था विरोधी गतिविधि कुनै पनि अवस्थामा स्वीकार्य नहुने बताएका छन ।




सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा यही जेठ ६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय बिहिवार सार्वजनिक गर्दै उनले सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको विरोधमा हुने कुनै पनि गतिविधि सैह्य नहुने स्पष्ट गरे ।

सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले भने, ‘जनतामा निहित सार्वभौमसत्ता सङ्घीय लोकतान्त्रिक गणतन्त्र जेठ १५ गते स्थापना भएको हो । यो सबै नेपाली जनताको गौरव र उत्सवको दिन हो । गणतान्त्रिक व्यवस्थालाई चुनौती दिँदै पूर्वराजा समर्थकले विरोध गर्नु अर्थहिन छ ।’

लोकतन्त्रमा बोल्ने र विरोध गर्ने छुट हुँदाहुँदै पनि सार्वभौमसत्तामाथि आँच आउने, हिंसात्मक गतिविधि गर्ने छुट कसैलाई पनि नहुने बताउँदै विद्यमान शासन व्यवस्था विरोधी गतिविधिमा सलग्न जो कोहीलाई कानुनबमोजिम कारवाही हुने स्पष्ट गरे । ‘हिंसात्मक क्रियाकलापले उग्ररुप लिएमा जनताको रक्षाका लागि सरकारले प्रतिबन्ध लगाउन सक्छ’, मन्त्री गुरुङले भने, ‘सङ्घीय लोकतान्त्रिक गणतन्त्रको विरोधी गतिविधि कुनै पनि अवस्थामा स्वीकार्य छैन ।’ मन्त्री गुरुङले पत्रकार सम्मेलनमा ‘उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१’ को सुझाव कार्यान्वयनका लागि तयार गरिएको ‘आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२’ स्वीकृत गर्ने सरकारको निर्णय रहेको जानकारी दिए ।

यही जेठ १० देखि ११ गतेसम्म अष्ट्रियाको राजधानी भियनामा सञ्चालन हुने ‘ग्लोबल फोरम फर हुमन ट्राफिकिङ सरभाइवर–भ्वाईस अफ रेजिलियन्स’मा नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय भएको बताए । मन्त्री गुरुङका अनुसार यही जेठ ११ देखि १९ गतेसम्म जनवादी गणतन्त्र चीनमा आयोजना हुने ‘फोर्थ डाइलग अन एक्सजेञ्ज एण्ड मिच्वल लर्निङ अमोङ्ग सिभिलाइजेसन्स्’ कार्यक्रममा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई स्वीकृति दिने मन्त्रिपरिषद्को निर्णय छ ।

नवनिर्मित चारलेनको महाकाली पुल आसपास महाकाली नदीको बीच भागमा जम्मा भएको नदीजन्य पदार्थ हटाई व्यवस्थापन गर्ने तथा बाढीजन्य विपद् न्यूनीकरणका लागि आवश्यक पर्ने अस्थायी नदी नियन्त्रण नेपाली सेनामार्फत गराउन स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए ।

नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूहअन्तर्गत मेडिकल उपसमूहका एक जना महासेनानीको पदावधि थप गर्ने सरकारको निर्णय छ । त्यस्तै, यही जेठ १५ गतेदेखि १७ गतेसम्म डिसान्वे, रिपब्लिक अफ ताजिक्स्थानमा आयोजना हुने ‘लिडरर्स राउण्ड टेवल्स अफ द इन्टरनेसनल कन्फ्रेन्स अन ग्लासियर्स प्रिजरभेसन’ कार्यक्रममा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री रुपा विकलाई स्वीकृति प्रदान गर्ने मन्त्रीपरिषद् बैठकले निर्णय गरेको छ ।

यसैगरी सहरी विकास मन्त्रालय अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति (पाँचौँ संशोधन)आदेश, २०६२ स्वीकृत गर्ने, सहरी विकास मन्त्रालय सुर्खेत उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको १२६५८.६० वर्गमिटर जग्गा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशको प्रशासकीय भवन निर्माण प्रयोजनमा उपयोग गर्न कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराउन स्वीकृति दिने सरकारको निर्णय रहेको सरकारका प्रवक्ता गुरुङले जानकारी दिए ।रासस

# ‘माओवादी केन्द्रप्रति जनतामा आशा पलाएको छ’




**बागलुङ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले माओवादी केन्द्रप्रति जनतामा नयाँ आशा पलाएको बताएका छन । मध्यपहाडी लोकमार्ग जनजागरण अभियानका क्रममा बागलुङको बुर्तिबाङ आउनुभएका उनले आयोजित आमसभालाई सम्बोधन गर्दै पार्टी नयाँ गतिमा अगाडि बढिरहेको उल्लेख गरे ।

मध्यपहाडी जनजागरण अभियानमा आमनागरिकको गुनासा र सुझाव ग्रहण गर्दै पार्टी अगाडि बढिरहेको बताउँदै अध्यक्ष दाहालले यो अभियानले देशमा नयाँ राजनीतिक वातावरण बनाउने विश्वास व्यक्त गरे । पूर्वप्रधानमन्त्रीसमेत रहेका उनले आगामी दिनमा राष्ट्रिय एकतालाई सुदृढ गर्दै किसान, मजदुरका, उत्पीडन वर्गका समस्या समाधानमा केन्द्रित हुने वातवरण बनाउने उल्लेख गरे ।

आफू प्रधानमन्त्री हुँदा देशमा ठूला परिवर्तन भएको भन्दै अध्यक्ष दाहालले राष्ट्रिय गौवरको आयोजना मध्यपहाडी लोकमार्गसहित अन्य कतिपय योजना तत्कालीन समयमा थालनी गरेको दाबी गरे । मध्यपहाडी लोकमार्गले मध्यपहाडमा बस्ने लाखौँ जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएको उनले विश्वास व्यक्त गरे ।

अध्यक्ष दाहालले भने, ‘नेपालमा स्वच्छ र स्वस्थ राजनीति गर्ने परिपाटीको विकास भएको छैन । अबमा दिनमा सबै राजनीतिक दल इमान्दारीपूर्वक जनताका पक्षमा केन्द्रित हुनुपर्ने जरुरी छ । पार्टीले सुरु गरेको मध्यपहाडी जनजगरण अभियानमा माओवादी केन्द्रप्रति जनताको आशा पलाएको पाएका छौँ । यो यात्रा आमनागरिकको सुझाव ग्रहण गर्ने र पार्टीलाई मजबुत बनाउनका लागि हो ।’ पछिल्लो समय देशमा भ्रष्टाचार मौलाउँदै गएको बताउँदै उहाँले यसलाई न्यूनीकरण गर्न पार्टीले खबरदारी गर्दै आएको उल्लेख गरे ।रासस

# परराष्ट्रमन्त्री डा. राणा र जापानी विदेशमन्त्रीबीच द्विपक्षीय भेटवार्ता

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र जापानका विदेशमन्त्री इवाया ताकेसीबीच बिहिवार टोकियोमा द्विपक्षीय भेटवार्ता भएको छ । जापान भ्रमणमा रहनुभएकी मन्त्री डा राणा र जापानी विदेशमन्त्री ताकेसीबीच टोकियोस्थित विदेश मन्त्रालयमा भेटवार्ता भएको हो ।



त्यस अवसरमा नेपाल जापान द्विपक्षीय सम्बन्ध, आपसी हित र साझा चासोका विविध विषयमा कुराकानी भएको थियो । भेटका क्रममा मन्त्री डा राणाले नेपालको आर्थिक, सामाजिकलगायतका क्षेत्रमा विगत लामो समयदेखि गर्दै आएको सहयोगका लागि नेपालका तर्फबाट जापान सरकार र जापानी नागरिकलाई धन्यवाद ज्ञापन गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

यसैगरी डा राणाले त्यस नेपाल सन २०२६ पछि अतिकम विकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रका रूपमा स्तरोन्नति हुनलागेका जानकारी दिँदै निरन्तर रूपमा सहयोग गर्दै आएको मित्रराष्ट्र जापानबाट त्यसपछिको अवस्थामा पनि नेपाललाई सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे ।

उनिहरु बीचमा नेपाल–जापान सम्बन्धको ७० वर्षेको इतिहासका विविध पक्षमा पनि कुराकानी भयो । सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएको एसियाली मुलुक नेपाल र जापानले आगामी वर्ष कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सव मनाउँदै छन । सोही अवसरमा मन्त्री डा राणाले आगामी वर्ष दुई देशको कूटनीतिक सम्बन्ध स्थापनाको ७०औँ वार्षिकोत्सवको अवसर पारेर जापानी विदेशमन्त्री ताकेसीलाई नेपाल भ्रमणको निमन्त्रणा दिएका थिए ।

नेपालमा लगानीका लागि जापानी उद्योगी, व्यवसायीलाई प्रोत्साहित गरिदिन विदेशमन्त्री ताकेसीसँग आग्रह गर्दै लगानी प्रतिफलका हिसावले अत्यन्त सम्भावना रहेको नेपालमा वैदेशिक लगानीलाई सुरक्षा र सुनिश्चिता प्रदान गर्न सरकारको तर्फबाट आवश्यक व्यवस्था गरिएको मन्त्री डा राणाले जानकारी दिए ।

परराष्ट्रमन्त्री डा राणाले नेपाल र जापानबीच औपचारिक कूटनीतिक सम्बन्धभन्दा पनि सदियौँ पुरानो सम्बन्ध रही आएको प्रसङ्ग उल्लेख गर्दै भने, ‘दुई देशबीच भगवान गौतम बद्धको शिक्षाबाट प्रेरित प्राचीन सामाजिक–सांस्कृतिक सम्बन्ध रही आएको छ । बुद्ध जन्मस्थल लुम्बिनी नेपाल र जापानी नागरिकबीचको एक सांस्कृतिक सेतु पनि हो ।’

लुम्बिनीलगायत नेपालको प्राकृतिक तथा सांस्कृतिक अलौकिक सम्पदाको अध्ययन एवं अवलोकनका लागि नेपालमा वर्षेनी हजारौँ जापानी पर्यटक आउने गरेका भन्दै मन्त्री डा राणाले आगामी दिनमा पनि पर्यटनका क्षेत्रमा दुई देशले गर्न सक्ने सहकार्यका बारेमा पनि कुराकानी भएको थियो ।

त्यस अवसरमा मन्त्री डा राणाले नेपालले यसै हप्ता आयोजना गरेको सगरमाथा संवादमा जापान सरकारका तर्फबाट उपविदेशमन्त्रीको नेतृत्वमा भएको सक्रिय र सिर्जनात्मक सहभागिताका लागि विशेष धन्यवाद पनि दिएको परराष्ट्रमन्त्री डा राणाको सचिवालयले जनाएको छ ।

ज्येष्ठ नागरिकको सामाजिक एकान्ततासम्बन्धी अन्तरराष्ट्रिय सम्मेलनमा सहभागी हुन गत शनिबार जापान प्रस्थान गर्नुभएकी डा राणाले विदेशमन्त्री ताकेसीसँग भेट गरेका हो ।रासस

# काठमाडौँमा ‘दक्षिण एसिया क्षेत्रीय युवा कार्यशाला’ शुरू

**काठमाडौँ ।**
विभिन्न चार देशका युवा सहभागी ‘दक्षिण एसिया क्षेत्रीय युवा कार्यशाला–२०२५’ बिहिवार देखि सुरू भएको छ । डिल्लीबजारमा तीनदिनसम्म सञ्चालन हुने गोष्ठीमा नेपालसहित भारत, पाकिस्तान र ताजिकिस्तानका १६ देखि २५ वर्ष उमेर समूहका २६ जना युवा सहभागी छन् ।

कार्यशालामा दिगो भविष्यका लागि हरित उद्यमको महत्त्व बुझाउँदै नयाँ पुस्तालाई सशक्त बनाउने उद्देश्यसहित दक्षिण एसिया क्षेत्रीय युवा कार्यशालाको आयोजना गरिएको कार्यक्रम उपसंयोजक छिरिङ डोल्मा लामाले बताए ।

उनले भने, ‘कार्यशालाले युवालाई अन्तरराष्ट्रिय नागरिक समाज र सरकारी प्रतिनिधिलाई आफ्ना माग व्यक्त गर्न, दक्षिण एसियामा युवा सञ्जाललाई प्रवद्र्धन गर्न मञ्च प्रदान गरेको छ । यस कार्यशालाले हरित उद्यमको अवस्थाबारे जानकारी आदानप्रदान गर्नेछ ।’

उपसंयोजक लामाले ‘हरित उद्यम र युवा सशक्तिकरणः राम्रो भविष्यका लागि एक पहल’को नारासहित कार्यशालाको आयोजना गरिएको बताए । उनले जलवायु उत्थानशीलता, युवा सीप विकास र नीति पैरवीसम्बन्धी छलफलका साथै विविध विषयमा प्रस्तुतीकरण, अन्तरक्रियात्मक सत्र र नीति निर्माता तथा विज्ञहरूसँग छलफल गरिने जानकारी दिए ।

‘हामीले अन्तिम दिन घोषणापत्र पनि सार्वजनिक गर्ने छौँ, जसलाई सम्बन्धित देशका युवाले सरोकार भएका मन्त्रालय वा हरित उद्यमसम्बन्धी काम गरिरहेका सरकारी निकायमा बुझाउनु हुनेछ । यसले हामीलाई अन्य राष्ट्रमा भइरहेका गतिविधि र कार्यका बारेमा जानकारी गराउने छ । यसबाट हामीले युवालाई हरित उद्यमको चुनौती, हरित उद्यममा कृतिम बौद्धिक (एआई) को प्रयोग, जलवायु परिवर्तन र यसका असरलगायत विविध विषयमा जानकारी दिनेछौँ’, उपसंयोजक लामाले भने ।

उक्त कार्यशालामा नेपालबाट १२, भारतबाट आठ, पाकिस्तानबाट चार र ताजकिस्तानबाट दुई जना युवा सहभागी थिए। बालबालिका तथा महिला सामाजिक सेवा र मानव अधिकार (सिविश) र टेरे डेस होम्स (टिडिएच) जर्मनीको सहकार्यमा आयोजना गरिएको उक्त गोष्ठी शनिबार समापन हुनेछ ।रासस

# प्रथम कञ्चनजंघा क्रिकेट प्रतियोगिता जेठ १० देखि जिरिखिम्तीमा



**पथरी** – मोरङको पथरीशनिश्चरे–१० स्थित जिरिखिम्ती खेल मैदानमा प्रथम कञ्चनजंघा क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ। प्रतियोगिता आगामी जेठ १० गतेदेखि १८ गतेसम्म सञ्चालन हुने छ।

कञ्चनजंघा दैवी प्रकोप व्यवस्थापन समूहको आयोजनामा हुने टि–२० फम्र्याटको प्रतियोगितामा झापा, मोरङ र सुनसरी जिल्लाका १६ वटा क्रिकेट टोली सहभागी हुनेछन्।

प्रतियोगितामा दैनिक दुई खेल सञ्चालन गरिने छ।

प्रतियोगिताको बिजेता टोलीलाई नगद ५० हजार रुपैयाँसहित ट्रफी प्रदान गरिनेछ भने उपबिजेताले ३३ हजार ३ सय ३३ रुपैयाँ प्राप्त गर्नेछन्।

प्रतियोगितामा उत्कृष्ट ब्याट्सम्यान, बलर, फिल्डर, उदयमान खेलाडी तथा सर्वश्रेष्ठ खेलाडीलाई पनि नगदसहित ट्रफीबाट पुरस्कृत गरिने छ।

प्रतियोगिताको उद्घाटन भव्य समारोहसहित जेठ १० गते गरिने आयोजकले जनाएको छ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा समूहका सचिव प्रेम केडीले प्रतियोगिता आयोजनाबारे जानकारी गराएका थिए। कार्यक्रममा आयोजक टोलीको जर्सी समेत सार्वजनिक गरिएको थियो।

प्रतियोगिता सञ्चालनका लागि ३ लाख ५० हजार रुपैयाँभन्दा बढी खर्च हुने समूहका अध्यक्ष सागर थापाले जानकारी दिए।

स्थानीय डाँस मोरङ सामुदायिक वन मुख्य प्रायोजक रहेका छन् भने ग्लोबल भुटानीज अर्गनाइजेसन सह–प्रायोजक रहेका छन्।

पत्रकार सम्मेलनमै प्रतियोगिताको ट्रफी पनि सार्वजनिक गरिएको थियो ।

# मेची भन्सारद्वारा दश महिनामा करिब तेह्र अर्ब राजस्व सङ्कलन



**झापा ।**

मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा १२ अर्ब ९४ करोड २० लाख ६० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । जुन सोही अवधिका लागि निर्धारित लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार चालु आवको वैशाख महिनासम्म १४ अर्ब १४ करोड ४२ लाख २० हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य रहेको थियो । 'गत आव २०८०/८१ को सोही अवधिमा राजस्व १५ अर्ब आठ करोड ६४ लाख २० हजार रुपैयाँ राजस्व सङ्कलनको लक्ष्य राखिएकामा ७६ दशमलव ८५ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको थियो तर यसपटक भने लक्ष्यको ९१ दशमलव ५१ प्रतिशत हासिल गरेका छौँ, उनले भने ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको १० महिनाको अवधिमा मेची भन्सारबाट पेट्रोलियम पदार्थको आयातबाट ६० दशमलव ५५ प्रतिशत अर्थात् सात अर्ब ८३ करोड ६२ लाख ४३ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । यसैगरी, तरकारीको आयातबाट ५८ करोड ३३ लाख १५ हजार रुपैयाँ , यातायातका साधन र तिनका पाटपुर्जाबाट ३६ करोड ५३ लाख १५ हजार रुपैयाँ , खनिज उत्पादनबाट २४ करोड १० लाख ३० हजार रुपैयाँ, कफीबाट १९ करोड ३६ लाख ९० हजार रुपैयाँ, दलहनबाट २० करोड २९ लाख ९४ हजार रुपैयाँ, राजस्व सङ्कलन भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए ।

यहाँबाट चालु आवको १० महिनामा २१ अर्ब ४५ करोड ९३ लाख २३ हजार रुपैयाँ बराबरको वस्तु निर्यात हुँदा १९ करोड ८९ लाख ६८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । सोही अवधिमा ३८ अर्ब ८८ करोड ७८ लाख ११ हजार रुपैयाँ बराबरको वस्तु आयात गर्दा १२ अर्ब ७४ करोड ३० लाख ९२ हजार रुपैयाँ राजस्व सङ्कलन भएको छ । रासस

# हेटौँडामा पहिलो पटक इ–स्पोटर्स अन्तर्गत फ्रि फायर प्रतियोगिता

**मकवानपुर ।**

हेटौडामा पहिलो पटक इ–स्पोटर्स अन्तरगत फ्रि फायर प्रतियोगिता आयोजना भएको छ ।

आयोजकले पत्रकार सम्मेलनको आयोजना गरेर हेटौँडाबाट प्रसारण हुँदै आएको नेशनल गोल्ड टेलिभिजनको आयोजना प्रतियोगिता हुन लागेको जानकारी दिएको छ ।

पत्रकार सम्मेलनमा प्रतियोगिताका संयोजक उत्सर्ग चौलागाईले बिहीबार देखि सुरु हुने इ–स्पोट्र्स अन्तर्गत फ्रि फायर प्रतियोगितामा १ हजार जना सहभागीहरू निश्चित भइसकेको जानकारी दिनुभयो । प्रतियोगितामा सहभागिताका लागि ३ दिनमै एक हजार सहभागीको आवेदन प्राप्त भएपछि आवेदन लिन बन्द गरिएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा प्रारम्भिक चरणका खेलहरू अनलाइनमार्फत नै हुने र क्वार्टरफाइनल चरणदेखिका खेल भौतिक रुपमा उपस्थिति भएर हुने उहाँले बताउनुभयो । हेटौँडा स्कुल अफ म्यानेजमेन्टको मुख्य प्रयोजन रहेको प्रतियोगिताको भौतिक रुपमा हुने खेलहरू हेटौँडा–१ स्थित हिमालयन दरबार पार्टी प्यालेसमा हुने बताइएको छ । प्रतियोगिताको फाइनल खेल जेठ १७ गते हुने साथै जम्मा पुरस्कार रकम १ लाख रुपैयाँ हुने आयोजकले जानकारी दिएको छ ।

कार्यक्रममा टेलिभिजनका अध्यक्ष उज्जवल चौलागाईले अहिलेको सूचना प्रविधिमा आधारित युवा पुस्ता माझ लोकप्रिय खेल पहिलो पटक आयोजना गर्न लागिएको बताउनुभयो ।

प्रतियोगितामा १६ वर्ष उमेर पूरा भएका व्यक्तिले मात्रै सहभागिता जनाउन पाउने जनाइएको छ ।

# रेशमा चियाको व्यवसायिक उत्पादन शुरु



**बागलुङ ।**

झाडी फाँडेर लगाइएको चियाले उत्पादन दिन थालेपछि यहाँका चिया किसान उत्साहित भएका छन् । बागलुङको काठेखोला गाउँपालिका–७ रेशमा २०७६ सालमा लगाइएको चियाले व्यावसायिक उत्पादन दिन थालेपछि किसान उत्साहित भएका हुन् ।

उन समुदाय, सहकारी र विद्यालय मिलेर चियाखेती गरेका थिए । रेशको बौर, तिङरिङलगायतका ठाउँमा हाल १६२ रोपनी जग्गामा चियाखेती भइरहेको छ । गत वर्ष नमूनाका रूपमा परम्परागत शैलीबाट चिया उत्पादन गरे पनि यस पटक स्थानीयले चिया उत्पादन गर्ने उपकरण खरिद गरेका छन्भने ७० रोपनी जग्गामा लगाइएको चिया टिप्न थालिएको छ । थप सय रोपनी जग्गामा चियाका बोटहरू हुर्किरहेका छन् ।

पाँच वर्षमै चियाका बोटले पूर्ण रूपमै उत्पादन दिन थालेकाले हाल हप्तामा एक दिन चिया टिप्न थालिएको छ । चिया टिप्नेक्रम मङ्सिरसम्म जारी रहने छ ।

जनकल्याण आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डम्मरबहादुर थापाले ३५ रोपनी विद्यालयको जग्गामा चियाखेती गरिरहेको जानकारी दिए । रेशमा चियाको सुरुआत विद्यालयकै जग्गाबाट भएको बताउँदै उनले दाउरा बिक्री गर्ने पाखो हाल चिया बगान भएको बताए ।

रेशमा साना किसान सहकारी संस्थाको अगुवाइमा चियाखेती विस्तार भइरहेको थापाले बताए । उनका अनुसार विद्यालयले चियाका बिरुवासमेत उत्पादन गरेर बिक्री वितरण गरिरहेको छ । हाल उक्त सहकारीको ६७ रोपनी, स्थानीय नागरिकको ६० रोपनी तथा विद्यालयको ३५ रोपनी गरी १६२ रोपनी जग्गामा चियाखेती विस्तार गरिएको छ ।

जसमध्ये पहिलो चरणमा लगाइएको विद्यालय र स्थानीयको ७० रोपनी जग्गामा मात्रै चिया उत्पादन भइरहेको र अन्य स्थानका चियाका बिरुवा हुर्कंदै गरेको सहकारी संस्थाका अध्यक्ष उजेली शर्माले जानकारी दिए ।

काठेखोला गाउँपालिका–७ रेशका वडाअध्यक्ष प्रेम लामिछानेले एक वर्षभित्रै चियाको निर्यात हुनेगरी चिया टिप्न थालिएको र चिया उत्पादन गर्ने उपकरणसमेत १८ लाख रुपैयाँ लागतमा स्थानीयले रकम सङ्कलन गरी खरिद गरेको जानकारी दिए । 'सुरुमा ताराखोलाबाट बिरुवा लिएर रोपेका थियौँ, पछि सहकारीकै अगुवाइमा बिरुवा उत्पादन गरेका हौँ । सुरुमा गण्डकी प्रदेशको मुख्यमन्त्री नमूना कृषि कार्यक्रममार्फत किसानलाई चिया खेतीमा अग्रसरता दिलायो', उनले भने, 'गत वर्ष परीक्षणका रूपमा हातले ग्रिन चिया उत्पादन गरेका थियौँ, तर व्यावसायिकता थिएन, हाल चियाको उत्पादनसमेत बढ्दो छ । आफैँ चिया बनाउने उपकरणले चिया उत्पादनमा व्यावसायिकता ल्याउन सहज भएको हो ।

ग्रिन चिया किलोकै दुई हजारभन्दा बढीमा बिक्री गर्न सकिन्छ, यहाँको विद्यालय, सहकारी र स्थानीयलाई झाडी फाँडेर लगाएको चियाले आयआर्जनमा सघाउनेछ ।'

पाखोबारीमा लगाएको चिया राम्रो हुँदै गएपछि बसाइँसराइले उजाड बनेका खेतीयोग्य र उजाड जमिनमा पलाएका झाडी फाँडेर किसानले चियाखेती विस्तार गर्न थालेका छन् । चियाको बिरुवा राम्रो हुँदै गएपछि स्थानीयवासीले खाली भएका व्यक्तिगत तथा सार्वजनिक जग्गामा पनि खेती विस्तार गर्न थालेको अध्यक्ष लामिछाने बताए । थप ५० हजार चियाका बिरुवा लगाउने योजना रहेको उनको भनाइ छ ।

चियाखेती थालेपछि गाउँमा चियाबगान अवलोकनका लागिसमेत पर्यटकहरू आउन थालेका छन् । छ वर्ष अघिसम्म वनमारा झारले ढाकिएको पाखो हाल चिया बगानमा परिणत भइसकेको छ । चिया बगान हेर्न, सामाजिक सञ्जाल फेसबुक÷टिकटकमा दृश्य सार्वजनिक गर्न आन्तरिक पर्यटक रेशको चिया बगानमा आउने गरेका हुन् । यहाँ विभिन्न शैक्षिक कार्यक्रमअन्तर्गत अध्ययन–अनुसन्धान गर्न पनि विद्यार्थी आउने गरेका छन् ।

पर्यटकलाई थप आकर्षित गर्न र उपभोक्ताको आयआर्जन वृद्धि गर्न बिहूँको थामानेटामा समेत पहिलोपटक चियाखेती थालिएको काठेखोला गाउँपालिका–५ का वडाअध्यक्ष ज्ञामनाथ कँडेलले बताए ।रासस

# पाकिस्तान–अफगानिस्तान र चीनबीच बीआरआई योजनामा त्रिपक्षीय सहमति



**बेइजिङ ।**

पाकिस्तान र अफगानिस्तानले चीन–पाकिस्तान आर्थिक करिडोर (सीपीईसी) अफगानिस्तानसम्म विस्तार गर्न सहमति जनाएका छन् ।

इस्लामावादको विदेश कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ कि सीपीईसी सम्बन्धी घोषणा पाकिस्तानका उपप्रधानमन्त्री÷परराष्ट्रमन्त्री इशाक दार, चिनियाँ विदेशमन्त्री वाङ यी र अफगानिस्तानका कार्यवाहक विदेशमन्त्री अमिर खान मुट्टाकीबीच बेइजिङमा भएको अनौपचारिक त्रिपक्षीय बैठक पछि गरिएको हो।

दार बेइजिङको तीन दिने भ्रमणमा छन्, जुन भारतले पाकिस्तान र अधिकृत कश्मीर ९पीओके० मा आतंकवादी साइटहरूलाई लक्षित गरी ्अपरेसन वर्मिलियनु सुरु गरेपछि पहिलो उच्चस्तरीय वार्ता हो। बैठक पछि 'एक्स' मा एक पोस्टमार्फत दारले भने, 'पाकिस्तान, चीन र अफगानिस्तान क्षेत्रीय शान्ति, स्थिरता र विकासको लागि एकसाथ खडा छन् ।'

उनले तीन नेता सँगैको तस्विर पनि सेयर गरेका छन् । 'हामीहरू कूटनीतिक संलग्नता अभिवृद्धि गर्न, सञ्चारलाई सुदृढ गर्न र साझा समृद्धिको प्रमुख संवाहकका रूपमा व्यापार, पूर्वाधार र विकासलाई प्रवद्र्धन गर्न व्यावहारिक कदम चाल्ने विषयमा छलफल गरेका छौं,' विज्ञप्तिमा भनिएको छ।

अगाडी भनिएको छ, 'उनी (चीन र अफगानिस्तानसमेत) 'बेल्ट एण्ड रोड इनिसिएटिभ' (बीआरआई) सहयोगलाई गहिरो बनाउन र चीन–पाकिस्तान आर्थिक करिडोर (सीपीईसी) अफगानिस्तानसम्म विस्तार गर्न सहमत भएका छन,' बिज्ञप्तिमा अगाडी भनिएको छ । तर, भारतले भने पाकिस्तान प्रशासित कश्मीर (पीओके) हुँदै ६० अर्ब अमेरिकी डलरको सो निर्माणको विरोध गरेको छ ।

साथै, विज्ञप्तिमा परराष्ट्रमन्त्रीहरूको छैटौं त्रिपक्षीय बैठक चाँडै नै आपासी सुविधाजनक मितिमा काबुलमा हुने सहमति भएको छ ।एजेन्सी

# जब अमेरिकी महिला सांसदले बैठकमा आफ्नो नग्न तस्विर देखाइन...

**काठमाडौं ।**

अमेरिकी संसदकी सदस्य न्यान्सी मेसले सदनमा केही गरेकी छन्, जसको चर्चा यतिखेर विश्वभर भइरहेको छ ।

वास्तवमा उनले संसदमा आफ्नो नग्न तस्विर देखाएकी थिइन । उनले आफ्नो नग्न तस्विर देखाउँदै दावी गरिन कि उनको पूर्व मंगेतरले उनको सहमति बिना उनको फोटो गोप्य रूपमा क्लिक गरेका छन ।

न्युयोर्क पोष्टका अनुसार यो तस्विर उनले हाउस ओभरसाइट कमिटी सत्रको समयमा देखाएकी थिइन, जब मेसले भिडियो भ्वायरिज्मविरुद्ध कडा कानूनको वकालत गरिरहेको थिए ।

साउथ क्यारोलिना कंग्रेस वुमनले भनिन्, 'स्वतन्त्रता कुनै सिद्धान्त होइन । स्वतन्त्रता भनेको तपाईं सुत्दा तपाईंको अनुमति बिना कसैले तपाईंको तस्बिर खिच्नु हुँदैन । म एक सांसदको रूपमा मात्र होइन, पीडितको रूपमा बोल्दैछु ।'

उनले पोस्टर आकारको कालो र सेतो फोटोहरू देखाएकी थिइन । उनले भनिन, 'मेरो भिडियो बनाइँदैछ भन्ने मलाई थाहा थिएन। मैले सहमति दिएको पनि थिइनँ ।'

सांसदले आफ्नी पूर्व मंगेतर प्याट्रिक ब्रायन्टले गोप्य रूपमा आफ्नो फिल्म खिचेको आरोप लगाएकी हुन् ।

तर बलात्कार र दुब्र्याहारसहित गम्भीर यौन अपराध गरेको उनको थप आरोप पनि छ ।तर, उनको पूर्व मंगेतरले मेसको सो आरोप निराधार भएको बताएका छन् ।

ब्रायन्टले एक बयानमा भने, 'मैले न्यान्सी मेसले गरेको झूटा र अपमानजनक दावीहरूलाई स्पष्ट रूपमा अस्वीकार गर्दछु, मैले कहिल्यै कसैलाई यौन दुव्र्यवहार गरेको छैन। मैले कहिल्यै कसैको अनुमति बिना फोटो खिचेको पनि छैन।' ब्रायन्टले उल्टै मेसले आफ्नो पदको दुरुपयोग गरेको आरोप लगाएका छन् ।

मेसले आफ्नो आरोपबारे सार्वजनिक रूपमा बोलेको यो पहिलो पटक भने होइन। गत फेब्रुअरीमा उनले ब्रायन्ट र तिनका तीन व्यापारिक साझेदारहरूलाई उनी र अन्य महिला पनि कथित रूपमा नाबालिग केटीहरू विरुद्ध यौन दुव्र्यवहारको आरोप लगाएकी थिइन् ।

दक्षिण क्यारोलिना राज्य कानून प्रवर्तन डिभिजनले हाल मेसको दावीहरूको अनुसन्धान गरिरहेको छ। ब्रायन्टले आफूले अधिकारीहरूसँग पूर्ण सहयोग गरिरहेको बताएका छन्। एजेन्सी

# पर्यटक आकर्षणको केन्द्र बन्दै लमजुङको 'राइनासकोट'



**लमजुङ ।**
पूर्वीलमजुङको राइनास नगरपालिका–९ मा रहेको राइनासकोट पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ ।

विसं २०७२ मा गएको भूकम्पबाट क्षति पुगेको राइनासकोटको गुरुङगाउँ पुनःनिर्माण गरेर घरबास (होमस्टे) सञ्चालन भएसँगै पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्न थालेको हो ।

राइनास होमस्टेबाट केही माथि रहेको राइनासकोटबाट देखिने अन्नपूर्ण, गणेश, मनास्लु, लमजुङ, माछापुच्छ्रेलगायत एक दर्जनभन्दा बढी हिमशृङ्खलाको रमणीय दृश्यले पर्यटकको मन लोभ्याउने गरेको छ ।

काठमाडौँबाट लमजुङको राइनासकोट पुग्नुभएका डा ज्योतिप्रसाद गजुरेलले यहाँको आतिथ्यता र ऐतिहासिक थलो राइनासकोट भ्रमणले आफूलाई आनन्द तुल्याएको बताए । यहाँको हावापानी र सुन्दर, मनोरम दृश्यले पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटक बढ्न थालेका उनको बुझाइ छ ।

उक्त डाँडाबाट गोरखाको पर्यटकीयस्थल बारपाक, लाप्राक, भच्चेक, पालुङटार, सिरानकोट, गोरखाबजार, तनहुँको आँबुखैरनी, डुम्रेबजार, बन्दिपुर, दमौलीलगायत गाउँहरू सजिलै देख्न सकिन्छ । लमजुङको सदरमुकाम बेँसीसहर, भोटेवडार, सुन्दरबजार, भोर्लेटार, दुराडाँडा र पूर्वीलमजुङका अधिकांश भागसमेत उक्त डाँडाबाट आँखै अगाडि देख्न सकिन्छ । स्थानीयका अनुसार उक्त स्थानबाट १८ जिल्ला देख्न सकिन्छ ।

यहाँबाट देखिने सूर्योदय र सूर्यास्तको दृश्यसँगै देखिने हिमाल, चेपे र मस्र्याङ्दी नदी किनाराका फाँटका साथै नेपालका बाइसे–चौबिसे राजाको पालामा निर्मित ऐतिहासिक राइनासकोट किल्ला, यहाँस्थित कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिरलगायत थुप्रै ऐतिहासिक एवं सांस्कृतिक महत्त्वका स्थलले यहाँको गरिमा र महत्त्व चुलिएको छ ।

रागीनासको नामले परिचित यो ठाउँ पछि अपभ्रंश हुँदै राइनास बन्न गएको स्थानीय बताउँछन् । इतिहास अनुसार शाह वंशीय पहिलो राजा कुलमण्डनका कान्छा छोरा यशोब्रह्म शाहद्वारा स्थापित लमजुङ–राइनासकोट राज्यको पछि यशोब्रह्मका छोरा नरहरि शाहले थप सुदृढीकरण गरे भने द्रव्य शाहले चेपेघाट–लिगलिगको दौडमा विजय हासिल गर्दै १६१६ सालमा गोरखाका राजा भएका थिए ।

समुद्री सतहबाट एक हजार ७७४ मिटरको उचाइमा रहेको रमणीय राइनासकोट नेपालको महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो गाउँमा प्राचीन मौलिकता जोगाउने गरी परम्परागत घुमाउने घरसँगै स्थानीयको कला, संस्कृतिलाई जगेर्ना गर्ने उद्देश्यका साथ गुरुङ सङ्ग्रहालयसमेत स्थापना गरिएको छ ।

लमजुङको गुरुङबस्ती रहेको राइनासकोटका १७ घरमा होमस्टे सञ्चालन गरिएका छन् । यहाँ एक रातमा एक सय जनासम्म मानिस सजिलै बस्न सक्छन् । राइनासकोट सामुदायिक होमस्टेका व्यवस्थापक शम्भु गुरुङले शुक्रबार र शनिबार यहाँ आउने पर्यटकको सङ्ख्या अन्य दिनको तुलनामा बढी हुने गरेको उल्लेख गरे ।

'शुक्रबार र शनिबार ५० देखि एक सयजनाको सङ्ख्यामा होमस्टेमा बास बस्न आउनुहुन्छ । अरु दिन ५० देखि ८० को हाराहारीमा पर्यटक आउनुहुन्छ', उनले भने ।

होमस्टेमा आएका पाहुनालाई जानेवित्तिकै वेलकम ड्रिङ्क्स, खाजा, रातिको स्थानीयस्तरमा उत्पादित अर्ग्यानिक खाना र बिहानको खाजा उपलब्ध गराउँदै आइएको व्यवस्थापक गुरुङले बताए । वैशाख १२ गते गएको विनाशकारी भूकम्पपछि यहाँ एकै खालका २० घर पुनःनिर्माण गरिएको छ । अमेरिकी नागरिक नतासाको सहयोगमा पुनःनिर्माण भएको उक्त ठाउँमा होमस्टे सञ्चालनसँगै पर्यटन प्रवर्द्धन गरिएको उनको भनाइ छ ।

राइनास नगरपालिकाका प्रमुख खड्गबहादुर गुरुङले राइनासकोटको पर्यटनलाई थप विकास गर्नका लागि नगरपालिकाले योजना बनाएर काम गरिरहेको बताए । 'होमस्टेलाई थप व्यवस्थित बनाउनका लागि स्थानीय तहमा उत्पादित खानालाई प्रोत्साहन गरिएको छ । होमस्टे सञ्चालनसम्बन्धी तालिम प्रदान गरेका छौँ', उनले भने ।

मौरीपालन, कुखुरापालन र तरकारीखेतीको विकासलाई नगरपालिकाले प्राथमिकता दिएको नगरप्रमुख गुरुङले जानकारी दिए । केन्द्र र प्रदेश सरकारको सहयोगमा हाल राइनासकोटमा पार्कसमेत स्थापना गरिएको छ । उक्त कोटमा रहेको मन्दिरलाई पुनःनिर्माण, पुरातात्विक सम्पदाको संरक्षण, पार्क तथा बाटो निर्माणमा स्थानीय सरकारले केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी काम गरिरहेको उनले बताए ।

राइनासकोटबाट प्याराग्लाइडिङसमेत गरिँदै आइएको छ । चैत–वैशाखमा फूल्ने लालिगुँरास, फल्ने काफल र ऐँसेलुले पर्यटकलाई थप लोभ्याउने गरेको नगरप्रमुख गुरुङको भनाइ छ । 'ग्रामीण जीवनशैली बुझ्न राइनास उपयुक्त छ । जहाँ खेतीपाती गरेको, ढिकी–जाँतो चलाएको, दूध दूहेको, मोही मोथेकोलगायत दृश्य देख्न सकिन्छ', उनले भने ।

काठमाडौँबाट एक सय ५५ किलोमिटर टाढा रहेको लमजुङको प्रवेशद्वार पाउँदीबजारबाट डेढ घण्टामा पुग्न सकिने राइनासकोटमा पछिल्लो समय काठमाडौँ, चितवन, पोखरालगायत सहरबाट मानिस घुम्न आउने गरेका छन् ।रासस

# देश र जनतालाई केन्द्रमा राखेर काम गरिरहेका छौँः राजेन्द्रलक्ष्मी गैरे

*नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य राजेन्द्रलक्ष्मी गैरे राष्ट्रियसभा सदस्य हुनुहुन्छ । पाल्पामा जन्मिएकी सांसद गैरेसँग राससका समाचारदाता सुशील दर्नालले गरेका अन्तर्वार्ताको सम्पादित अंश:*

**काठमाडौँ ।**

**राष्ट्रियसभाको आफ्नो अनुभव सुनाउनुहुन्छ कि ?**

–सुरुमा संसदमा आउँदा सरकारले भर्खरै बजेट ल्याएको थियो । त्यही बजेट छलफलमै केन्द्रित भएँ । राष्ट्रियसभामा परिपक्कको प्रतिनिधित्व भएर होला अनुशासित छ । यो सभामा कसैलाई पनि आक्षेप लगाउने काम हुँदैन । हामी विभिन्न पार्टीबाट सहभागि भएपनि राष्ट्रिय मुद्दामा एकै ठाउँमा उभिन्छौँ । सत्ता वा प्रतिपक्ष नभनी देश र जनतालाई केन्द्रमा राखेर काम गरिरहेका छौँ ।

**संविधान कार्यान्वयनप्रति सन्तुष्ट हुनुहुन्छ ?**

–संविधान भनेको देशका सबै नागरिकको प्रतिनिधित्व हो । पछिल्लो समयमा आम जनताले सुशासन, भ्रष्टाचार, अन्याय र आफ्नो अधिकारको विषयमा सहजै बोलेका छन् । यो हाम्रो संविधानको उपलब्धि हो । संविधान समावेशी भएकै कारण महिला, आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति र सबै उत्पीडित समुदायले आफ्नो अधिकारको निम्ति आवाज उठाइरहेकै छन् । संविधान कार्यान्वयनको पक्षमा सकारात्मक रुपमै अगाडि बढेको छ । यदी संविधानमा महिलाको निम्ति ३३ प्रतिशत सुनिश्चित हुँदैन थियो भने महिलाले आफ्नो कुरा राख्न सक्ने अवस्था हुन्थेन । तर पनि नागरिकता, निर्वाचन प्रणालीलगायत केही विषयमा संविधानमा मिलाउनुपर्ने छ ।

**हाम्रो निर्वाचन प्रणालीलाई तपाईंले कसरी हेर्नुभएको छ?**

–अहिलेको हाम्रो निर्वाचन प्रणाली अत्यन्त महँगो छ । पैसा हुने मान्छे मात्रै चुनाव लड्न सक्ने खाले छ । लामो समयदेखि निष्ठाको राजनीति गर्ने व्यक्तिसँग पैसा छैन भने उसले चुनाव जित्न कठिन छ । निर्वाचन प्रणाली अलि भड्किलो छ । अहिले नेताले राजनीतिमा गरेको योगदानभन्दा पनि पार्टीले नै पैसा जोसँग छ, उसैलाई टिकट दिने प्रचलन बढेर गएको छ । त्यसैले अहिलेको निर्वाचन प्रणालीलाई परिवर्तन गरी सहज र सरल बनाउनुपर्ने छ । अब महिला–महिलाबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणाली बनाउनुपर्छ । महिलामा जसले जिते पनि महिलाले नै आउँछन् ।

**महिला सशक्तीकरण र उनीहरुको अधिकारको रक्षा कसरी गर्ने ?**

–हामी महिला जनसङ्ख्याको हिसाबले पनि ५१ प्रतिशत हो । मतदाताको हिसाबले पनि हामी ५१ प्रतिशत छौँ । राज्यमा प्रतिनिधित्व पनि त्यही अनुपातमा हुनुपर्छ । देशको आर्थिक र सामाजिक रुपान्तरणसँगै समग्र विकासको निम्ति पुरुषको जति योगदान छ, त्यतिनै महिलाको पनि त्यति नै छ । जहिलेसम्म महिला र पुरुषबीचको विभेद रहन्छ, त्यहिलेसम्म यो मुद्दा उठिरहन्छ । हाम्रो लक्ष्य भनेको संसद्मा ३३ प्रतिशत सहभागिता मात्रै होइन । यद्यपि अहिले भएको कुरालाई हामीले उपलब्धिको रुपमा लिएका छौँ । प्राप्त अधिकारको रक्षा गर्दै थप अधिकारको निम्ति निरन्तर सङ्घर्ष गर्नुपर्ने छ ।

**संविधान संशोधनबारे तपाईंको धारणा के छ ?**

–संविधान दश वर्षमा संशोधन गर्न सकिने विषय संविधानमै उल्लेख छ । संविधानको कार्यान्वयनको सवालमा पनि कतिपय विषय संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । तर संशोधन आवश्यक छ, भन्दैमा आफ्नो मनमानी हुँदैन । राजनीतिक सहमति नगरिकन संशोधन गर्न हुँदैन । नेपाली जनताको भावनाअनुसार संशोधन हुनुपर्छ ।

**सङ्घीयतालाई अझ सुदृढ बनाउन के गर्नुपर्छ ?**

–देश सङ्घीयतामा जाँदै गर्दा हामीले नेपाली जनताको अधिकारलाई अझै सुलभ र सरल बनाउनुपर्छ भनेको हो । सङ्घीयता आएपछि मानिसहरुले एउटा राजाको ठाउँमा धेरै राजाहरु आए भनेका छन् । सङ्घीय, प्रदेश र स्थानीय तहको खर्चिलो प्रणालीलाई कम गर्नुपर्छ । तीनै तहको सरकारको खर्च कटौती गर्नुपर्छ । त्यसको लागि मन्त्रालयको सङ्ख्या र सांसदको सङ्ख्या कम गर्नुपर्ने हुन्छ । स्थानीय तहलाई पनि गाँभेर जानुपर्छ जस्तो लाग्छ ।

**महिला हिंसा अन्त्यको निम्ति राज्यले के गर्नुपर्छ ?**

–पहिलो कुरा, महिलाहरु आफैँ सक्रिय भएर आफ्नो आवाज बुलन्द गर्नुपर्छ । अर्को भनेको सबै ठाउँमा महिलाको सहभागिता पनि हुनुपर्छ । नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व भए पनि निर्णय गर्ने तहमा अझै पुग्न सकेका छैनन् । महिला भएकै कारण उसको अस्थित्वलाई स्वीकार नगर्ने संस्कार पनि छ । महिला हिंसा, महिलाको आर्थिक पहुँचसँग पनि जोडिएको छ । त्यसको निम्ति राज्यले महिलाको आर्थिक पहुँचमा वृद्धि गर्ने नीति तथा कार्यक्रम ल्याउन जरुरी छ । जनचेतना पनि फैलाउन जरुरी छ । सरकारले महिला आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

**तपाईं पाल्पा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुन्छ, जिल्लाको विकासलाई कसरी लिनुभएको छ ?**

–पाल्पा पहाडी जिल्ला हो । यो जिल्लाले खासै सङ्घीय मन्त्री पाउन सकेको छैन । त्यसैमाथि हरेक सरकारले ल्याउने बजेट राजनीतिक नेताको पहुँचको आधारमा बन्ने गरेको पाइन्छ । तर पनि हामी पाल्पाका सांसदले गत वर्ष अर्थमन्त्रीलाई अनुरोध गरेरै रु नौ करोड ३० लाख बजेट पारियो । विगतमा तानसेन नगरपालिकाको खानेपानी संस्थाको म आफैँ अध्यक्ष भएर योजना सम्पन्न गरेकी थिए । त्यसपछि एक घर एक धारा भएको छ । बाटो घर–घरमा पुगेको छ । सडक र अन्य सेवा सुविधाको हिसाबले अरु जिल्लाको तुलनामा विकास भएको छ । तर पनि रोजगारीको दृष्टिले देशको अवस्था जस्तो छ, पाल्पाको पनि त्यस्तै हो । जिल्लामा पढेलेखेका युवा नै बेरोजगार बन्नु परेको छ । कोही रोजगारीको लागि खाडी जान बाध्य छन् । यो जिल्लाको निम्ति आगामी आर्थिक वर्षको बजेटको लागि पनि पहल गरिएको छ ।



**देशको वर्तमान व्यवस्था र जनताको अवस्थालाई तपाईंले कसरी हेर्नुभएको छ ?**

–देशको व्यवस्था पनि परिवर्तन भएको छ । जनताको अवस्था पनि परिवर्तन भएको छ । पहिला हामी एउटा गाउँबाट अर्को गाउँ जान दिनभरि हिँड्नुपर्ने हुन्थ्यो । सदरमुकाम पुग्न एक दिन लाग्थ्यो । अहिले जनताको घरदैलोमा गाडी पुगेको छ । विस्तारै आर्थिक रुपमा पनि सम्पन्न हुँदै गएको देखिन्छ । तर हामीले जनतालाई सुशासन दिन सकेका छैनौँ । जनता आफूले नपाएर होइन, अरुले बदमासी गरेकोमा दुखी छ ।

**युवा पलायन रोक्न के गर्न सकिन्छ ?**

–विदेश जाने युवाहरु दुई थरीका छन् । एउटा अध्ययनका सिलसिलामा जाने छन् । जसको घरको आर्थिक अवस्था बलियो छ । तर उ विदेश गएर पनि सुखी छैन । किनभने उसले त्यहाँ कमाउँदै पढ्दै गर्ने हो । अर्को भनेको रोजगारीको निम्ति विदेश जाने युवा रोक्नका लागि देशभित्रै रोजगारीको सिर्जना गर्न सक्नुपर्छ ।

**सुशासनको निम्ति तपाईंको सुझाव के छ ?**

–सरकारले सबैसँग समन्वय गरेर काम गरेको देखिँदैन । सांसद पनि सत्तामा जानका लागि मात्रै प्रतिस्पर्धा गरेको देखिन्छ । सरकारले नियुक्त गर्ने राज्यका हरेक निकायमा राजनीतिक भागबण्डा देखिन्छ । अहिले मात्रै होइन, पहिलेका सरकार पनि आफू केन्द्रित भएको देखिन्छ । सुशासनको निम्ति आफ्नो मान्छे होइन, योग्य मान्छे नियुक्त गर्नुपर्छ । रासस

# अमेरिकी राजदूत मुस्ताङमा

**मुस्ताङ ।**
नेपालका लागि अमेरिकी राजदुत डिन आर थम्पसन का सांस्कृतिक सम्पदाको अवलोकन गर्न मुस्तांग आइका छन । यहाँका सांस्कृतिक सम्पदाको सम्वद्र्धन तथा प्रवद्र्धन गर्ने उद्देश्यले उनी अवलोकन भ्रमणका लागि यहाँ आएका हुन ।

नेपालर अमेरिकाबीचको साझेदारीलाई बलियो बनाउन तथा दिगो पर्यटन, आर्थिक वृद्धि र सांस्कृतिक निरन्तरतामा योगदान पु¥याउने उद्देश्यले राजदुत थम्पसनले मुस्ताङको भ्रमण गरेको नेपालस्थित अमेरिकी दूतावासले जनाएको छ । राजदूत थम्पसनसहितको टोलीले अमेरिकी सरकारको सांस्कृतिक संरक्षण सम्बन्धी राजदूत कोष (एएफसीपी) को सहयोगमा जीर्णोद्धार गरिएका सांस्कृतिक सम्पदास्थलको भ्रमण गर्नुहुने अमेरिकी दूतावासले जनाएको छ । साथै सोही क्रममा राजदूत थम्पसनले स्थानीय समुदाय तथा परियोजना टोलीहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने बताइएको छ ।

एएफसीपीमार्फत जीर्णोद्धार गरिएका सम्पदाको स्थलगत अवलोकनका क्रममा राजदूत थम्पसनले उपल्लो मुस्ताङमा शनिबारदेखि सुरु हुने तिजी पर्वको अवलोकन गर्ने कार्यक्रम रहेको दूतावासले जनाएको छ । उनले आज वारागुङ मुक्तिक्षेत्र–२ झोङस्थित गुम्बाको अवलोकन गरे । एएफसीपीबाट जीर्णोद्धार सम्पन्न भएको झोङ गुम्बाको अवलोकनका क्रममा राजदूत थम्पसनले यहाँको समुदायको पहिचान एउटा जीवन्त हिस्सा भएको उल्लेख गरे । जीर्णोद्धारसम्बन्धी कार्यबाट यहाँको धार्मिक तथा सांस्कृतिक पहिचानलाई जर्गेना गर्न टेवा पुग्ने उनको भनाइ थियो ।

मुस्ताङमा एएफसीपीमार्फत तीन परियोजनामा सहयोग प्राप्त भएको छ । राजदूत थम्पसनले बिहिवार भ्रमण गरेको झोङ गुम्बा, गोन्पा गाङ गुम्बा, लोघेकर गुम्बा (घर गुम्बा) तथा लोमान्थाङस्थित जम्पा ल्हाखाङ गुम्बा, थुप्चेन गुम्बा र छोडे गुम्बाको अवलोकन भ्रमण गर्नुहुने अमेरिकी दूतावासले जनाएको छ । रासस

# साठी दिने काम्लो बनाउने तालिम सम्पन्न

**हुम्ला ।**
'सीप सिकौँ उद्यम गरौँ, आत्मनिर्भर हौँ, रोजगारी सृजना गरौँ' भन्ने नाराका साथ 'एक जिल्ला एक उत्पादसँग कार्यक्रम' अन्तर्गत ६० दिने रातो काम्लो बनाउने तालिम सम्पन्न भएको छ । उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले जिल्लाका सातवटै गाउँपालिकाका महिलालाई समेट्ने गरी उक्त तालिम दिएको हो ।

तालिममा सिमकोट, नाम्खा र खार्पुनाथ गाउँपालिकाका १२ जना महिलाको सहभागिता रहेको सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए । भण्डारीको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुख शिवराज शर्मा, दानचुली गाउँपालिकाका अध्यक्ष मोहनविक्रम सिंहलगायतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा नाम्खा गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामा, प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेय, उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामबहादुर भण्डारी, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष सुरेश परियार, सञ्चारकर्मी, रातो काम्लो बनाउने तालिमका प्रशिक्षक, प्रशिक्षार्थीलगायतको उपस्थिति रहेको उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयका निमित्त प्रमुख हिरा शर्माले बताए ।

आजै भएको समापन कार्यक्रममा उद्यम सीप विकासकर्ता हिमा गिरीले शुभकामना मन्तव्य राखेका थिए । साठी दिने रातो काम्लो बनाउने तालिमको प्रशिक्षक शर्जाङमु लामा थिए ।

प्रमुख जिल्ला अधिकारी पाण्डेयले सीप सिकेर मात्र नहुने सीकोको सीप कार्यान्वयन गर्दै आयआर्जनमा उपयोग गर्नुपर्नेमा जोड दिए । स्वारोजगार बन्दै अरुलाई पनि रोजगारी सृजना गर्नसक्ने गरी आत्मनिर्भर हुनुपर्ने उनले बताए । सीप सिकेर बिर्सिने भन्दा पनि यसको निरन्तरता र बजारीकरणमा ध्यान दिनुपर्ने अदानचुली गाउँपालिकाका अध्यक्ष सिंहले बताए ।

विगतमा पनि सिकर्मी, डकर्मी, सिलाईँबुनाइलगायत तालिम सञ्चालन भएका भन्दै सीप सिकेर स्वरोजगार बनी उत्पादन गर्न नसकेका उदाहरण धेरै रहेका जिल्ला समन्वय समितिका प्रमुख शर्माले बताए । सीप सिकेर कार्यान्वयतर्फ सबै लाग्नुपर्नेमा उनले जोड दिए । स्वरोजगार बन्दै उत्पादन वृद्धि गरेमा गाउँपालिकाले बिक्री तथा बजारीकरणमा सहकार्य र समन्वय गर्ने गाउँपालिकाका अध्यक्ष भण्डारीले बताए । रासस

# आर्थिक रुपान्तरणका लागि राजनीतिक अभियान सञ्चालन गरिने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले जनताको आर्थिक रुपान्तरणका लागि राजनीतिक अभियान सञ्चालन गर्ने भएको छ । पार्टीले सामाजिक, आर्थिक सुशासन, जनजीविका र रोजगारीलगायत जनताका आधारभूत मुद्दामा केन्द्रित भएर सबै स्थानीय तह, जिल्ला र प्रदेशमा अभियान सञ्चालन गर्न लागेको हो ।

'सुशासन र रोजगारी, समाजवादको तयारी' भन्ने नारा तय गरिएको अभियानमा वर्तमान राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिसहित पार्टीको तात्कालीक कार्य योजना र सङ्गठनात्मक विषयमा समीक्षा गरिने केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले जानकारी दिए । अभियानमा जनताका अधिकारलाई सुसूचित गर्दै मुलुकको राजनीतिक चुनौती तथा उनीहरूलाई उत्पादन, प्रविधिका सीपबारे जानकारी गराउने, उद्यमशीलताका कार्यक्रममार्फत देश विकास गर्ने विषय समावेश छन् । यही जेठ दोस्रो सातादेखि सङ्गठन सुदृढीकरण तथा सदस्यता वितरण कार्ययोजनासहित अभियान सञ्चालन गरिनेछ । उक्त कार्यक्रमअन्तर्गत सम्बन्धित तहका प्रशासनिक क्षेत्रमा भए गरेका भ्रष्टाचार, सेवा प्रवाहमा ढिलासुस्ती, शिक्षा, स्वास्थ्य, सामाजिक विभेदलगायत विषयमा केन्द्रित रहेर छलफल गरिने जनाइएको छ ।

स्थानीय वडा, पालिका तथा प्रशासनमा सुधारका लागि पार्टी सङ्गठनले दबाब दिने कार्यक्रम छ ।रासस

# धनुषामा श्रीमतीको विभत्स हत्याः
# ३ महिनापछि पक्राउ परे आरोपी श्रीमान्

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा करिब तीन महिनाअघि भएको एक युवतीको विभत्स हत्याको घटना सार्वजनिक भएको छ ।

आफ्नै श्रीमतीको हत्या गरी फरार रहेका आरोपी श्रीमान् हरिराम यादवलाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको हो । ४० वर्षीय हरिराम यादव धनुषाको लक्ष्मीनिया गाउँपालिका–५, बनिनियाँ निवासी हुन् । उनले गत चैत १७ गते दिउँसो करिब १ बजे आफ्नी २५ वर्षीया श्रीमती अञ्जली यादवलाई कुटपिट गरी हत्या गरेका थिए । हत्या पछि शवलाई घरको कुलदेवता रहेको कोठामा खाल्डो खनेर गाडी त्यस माथिबाट ढलान गरिएको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक नरहरी रेग्मीका अनुसार हरिराम र अञ्जलीबीच लामो समयदेखि आपसी झगडा चलिरहेको थियो । भारतमा मजदुरी गर्दै आएका हरिराम छुट्टीमा घर आएका बेला झगडा चर्किंदा उनले हिंसात्मक तरिकाले



श्रीमतीको ज्यान लिएका थिए । घटना भएको केही दिनसम्म अञ्जलीको अत्तोपत्तो नलागेपछि उनका परिवारले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि जिल्ला प्रहरी कार्यालय धनुषा र इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको संयुक्त टोलीले अनुसन्धान अघि बढाएको थियो । शंका गहिरिँदै जाँदा अञ्जली बेपत्ता भएको भनिएको घरको कुलदेवताको कोठामा नयाँ ढलान गरिएको देखिएपछि प्रहरी टोलीले ढलान तोडेर खोजी गर्दा करिब २ फिट मुनि नग्न अवस्थामा अञ्जलीको शव फेला परेको थियो । शव गन्हाउन थालेपछि स्थानीयले समेत शंका व्यक्त गरेका थिए ।

तीन महिनासम्म फरार रहेका हरिरामलाई प्रहरीले बिहीबार बिहान ९ बजे जनकनन्दिनी गाउँपालिका–४ स्थित भारत सिमानासँग जोडिएको खजुरी रेलवे स्टेशनबाट पक्राउ गरेको हो । हत्या पछि हरिरामले १० महिने छोरीलाई समेत लिएर फरार भएका थिए । अहिले उनी पक्राउ परेपनि शिशुको अवस्था अझै अज्ञात छ । प्रहरीले हरिरामसँग सोधपुछ गर्दा शिशुबारे ठोस जानकारी दिन नमानेको जनाएको छ ।

प्रहरी उपरीक्षक रेग्मीले पत्रकार सम्मेलनमा भने, 'श्रीमतीको हत्या गरेर फरार रहेका हरिराम यादव पक्राउ परेका छन् । तर, उनीसँगै रहेकी १० महिनाकी छोरीको अवस्था खुलेको छैन । शिशु कहाँ छ भन्ने विषयमा थप अनुसन्धान जारी छ ।' श्रीमतीको निर्मम हत्या र शवलाई घरभित्रै गाडिएको विवरण सार्वजनिक भएपछि स्थानीयबासी स्तब्ध छन् । घरभित्रै यस्तो अपराध भएको थाहा नपाउँदा उनीहरू आक्रोशित देखिएका छन् । अञ्जलीका आफन्तले हरिराममाथि कडा कानुनी कारबाहीको माग गरेका छन् । उनीहरूले बालिकाको अवस्थाबारे चाँडो पत्ता लगाउन प्रहरी प्रशासनलाई आग्रह गरेका छन् । हरिराममाथि श्रीमतीको हत्या, शव लुकाउने, प्रमाण नष्ट गर्ने, बाल अपहरणजस्ता गम्भीर आरोपमा मुद्दा दर्ता गरिएको छ । धनुषा प्रहरीले घटनालाई 'गम्भीर आपराधिक प्रकृति' मा वर्गीकृत गर्दै आवश्यक प्रमाण संकलन, फरेन्सिक परीक्षण र प्रत्यक्षदर्शीको बयानको आधारमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# हनुमाननगर 'जेलब्रेक' स्थललाई
# पर्यटकीय गन्तव्य बनाउन माग



**मनोज माझी**
**सप्तरी ।**
सप्तरीको चर्चित एवम् ऐतिहासिक 'हनुमाननगर जेल ब्रेक' घट्नाको ८२ वर्षपछि एक कार्यक्रम गरी सम्झना र सम्मान ब्यक्त गर्नूका साथै सो स्थललाई पर्यटकीय स्थलको रुपमा विकास गर्नु पर्नेमा जोड दिइएको छ । नेपाल–भारत जनमैत्री एकता मञ्च सप्तरीद्वारा विहीवार राजविराजमा आयोजित 'हनुमाननगर जेल ब्रेक र नेपाल–भारत जनसम्बन्ध एकता' विषयक कार्यक्रमका सहभागी वक्ताहरुले ऐतिहासिक घट्नाको स्मरण र सम्मानसहित उक्त स्थललाई पर्यटकीय स्थलको रुपमा विकास गर्नु पर्नेमा जोड दिएका हुन् । हनुमाननगर जेल आक्रमण प्रकरणको छुट्टै विशेष एवम् ऐतिहासिक महत्व रहेकाले सो घटनाको ऐतिहासिकताको स्मरण, सम्मान र चर्चा संगै उक्त स्थललाइ पर्यटकीय स्थलको रुपमा विकास गर्ने उदेश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको पूर्वसिंचाई मन्त्री समेत रहेका नेपाल–भारत जनमैत्री एकता मञ्च सप्तरीका संयोजक उमेश कुमार यादवले बताए । भारतका तत्कालिन अंग्रेज शाषकको अनुरोधमा राणा शासकहरुले भारतीय स्वतन्त्रता आन्दोलनको क्रममा नेपालबाट पक्राउ परेका भारतीय समाजवादी नेता जय प्रकाश नारायण, राम मनोहर लोहिया, विजया पटबद्र्धन लगायत ७ जनालाई पक्राउ गरी सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरस्थित जेलमा कैद गरेका थिए । सन १९४३ मइ २२ (वि.स.२००० जेठ ९ गते) सप्तरीका रामेश्वर सिंह, जय मंगल सिंह, चतुरानन्द सिंह, कृण्णा कामी लगायतका नेताहरुले जेलमा आक्रमण गरी उनीहरुलाई कैदमुक्त गराई भारतमा सुरक्षित साथ पुर्याएका थिए । सोही ऐतिहासिक घट्नाको सम्झना र सम्मान तथा ऐतिहासिक स्थलको विकासका लागि गरिएको कार्यक्रमले सकारात्मक परिणाम ल्याउने इतिहास विज्ञ डा. पिताम्बर लाल यादवले बताए । झण्डै १ घण्टा लामो समय लिएर हनुमाननगर जेल ब्रेकको पूर्ण वृतान्त सुनाएका उनले भारतको स्वतन्त्रता संग्रामलाई थप उचाईमा पुर्याउन सप्तरीवासीले पनि ठूलो योगदान गरेको बताए । हनुमाननगर जेल ब्रेकपछि भारतमा अंग्रेजविरुद्ध थालिएको आन्दोलन थप चर्केको बताउँदै उनले दुबै देशका नागरिकले एक अर्कालाई सहयोग गर्न थालेपछि नेपालबाट तत्कालिन जहानिया राणा शाषणलाई समाप्त गर्न पनि ठुलो बल मिलेको बताए । हनुमाननगर जेल ब्रेकका वृतान्त पस्कीरहँदा पटक÷पटक उनी भावुक बनेका थिए । कार्यक्रममा प्रमुख अतिथि पूर्व निर्वाचन आयुक्त डा. अयोधी प्रसाद यादव, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, क्याम्पस प्रमुख शुशिल कर्ण, नागरिक समाजका अध्यक्ष थान सिंह भन्साली, नेपाल–भारत मैत्री संघका अध्यक्ष मनोज मुन्धडा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका निर्वतमान अध्यक्ष श्यामसुन्दर यादव, सञ्चारकर्मी शिव नारायण साह, अवधेश झा, विष्णु मण्डल लगायतले पनि बोल्दै ऐतिहासिक महत्वको उक्त स्थलमा विभिन्न आकर्षक संरचना निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्न स्थानीय, प्रदेश र दुबै देशका सरकार मिलेर पहल गर्नू पर्नेमा जोड दिएका थिए । कार्यक्रम संचालन विनयलाल कर्णले गरेका थिए ।

# शिक्षक दरबन्दी न्यून हुँदा पठनपाठनमा समस्या

**जनकपुरधाम ।**
मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले प्रदेशमा विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी न्यून भएकाले पठनपाठनमा समस्या हुँदै आएको बताएकी छन् । मधेश प्रदेशको शिक्षासम्बन्धी प्रदेशस्तरीय कार्ययोजना तर्जुमा गोष्ठीको बिहीबार जनकपुरधाममा उद्घाटन गर्दै उनले सङ्घीय सरकारले मधेश प्रदेशअन्तर्गतका विद्यालयमा तोकिएको विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी उपलब्ध नगराउँदा गुणस्तरीय शिक्षाको विकासमा समस्या भएको उल्लेख गरिन् । 'हामीले पटकपटक विद्यार्थी अनुपातमा शिक्षक तोक्नुपर्ने माग गर्दै आएका छौँ, तर सो अधिकार सङ्घीय सरकारसँग रहकाले शिक्षा क्षेत्रमा देखिएका यस्ता समस्या समाधान गरी गुणस्तरीय शिक्षा र विद्यार्थी उत्पादनमा जोड दिनुपर्छ', मन्त्री तिवारीले भनिन् । शिक्षकको समस्या समाधानका लागि मन्त्रालयले स्वयंसेवक शिक्षक बहालीको माग गरेसँगै केही हदसम्म समस्या समाधनतर्फ गएको जनाउँदै उनले मधेश प्रदेशमा शिक्षा क्षेत्रको विकास तथा सुधारका लागि विनियोजित बजेट खर्च हुन नसकेकोप्रति चिन्ता व्यक्त गरिन् । मन्त्रालयको चालु आर्थिक वर्षमा दुई अर्ब ३२ करोड बजेट रहेको जनाउँदै तिवारीले शिक्षक अभावका कारण खर्च हुन नसकेको उल्लेख गरिन् । प्रदेश सरकार शिक्षासँग सम्बन्धित १८ वटा कार्यविधि पारित गरेर यस क्षेत्रको समग्र विकासमा लागेको स्पष्ट पारिन् । धनुषाको मुखियापटी मुसरनीया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले पालिकाभित्र रहेका १३ वटा विद्यालययको भवन निमार्ण र पूर्वाधार विकासमा २४ करोड बजेट विनियोजन गरेर कार्य गरिरहेको जानकारी दिए । 'छात्रछात्राका लागि निःशुल्क बससेवा, नास्ता तथा पोसाक र निःशुल्क पुस्तकको व्यवस्था गरेका छौँ । शिक्षकको कमीका कारण पठनपाठनमा भने समस्या भइरहेको छ', उनले भने । शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)का केन्द्रीय अध्यक्ष राजेन्द्र पहाडीले संस्थाले गुणस्तरीय, प्रविधियुक्त वैज्ञानिक तथा दीर्घकालीन शिक्षाको विकासमा जोड दिएको बताउँदै न्यायपूर्ण समाज विकासमा लाग्न सबैलाई आग्रह गरे । उनले एनसिई मधेश प्रदेशको सात जिल्लामा शिक्षा सुधारका पक्षमा काम गर्दै आएको बताए ।

युरोपियन युनियनको आर्थिक सहयोगमा पिपल इन निड, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई) तथा नेपाल अपाङ्ग महिला सङ्घद्वारा आयोजित गोष्ठीमा मधेश प्रदेशको शिक्षाको अवस्थाबारे जानकारी गराइएको थियो । एनसिईका प्रदेश संयोजक लक्ष्मेश्वर मण्डलको अध्यक्षतामा भएको गोष्ठीमा एनसिई धनुषा संयोजक कमलेश मण्डल, पिपुल इन निडका संयोजक सुशिल साह र शिक्षा तथा संस्कृति मन्त्रालयका अधिकृत दिलीप मुखियाले मधेश प्रदेशमा शिक्षाको अवस्था, समस्या र चुनौतीका बारे कार्यपत्र प्रस्तुत गरेका थिए । रासस

# नवराजपुरमा मैथिली भाषाको
# पाठ्यपुस्तक लागू

**सिरहा ।**
सिरहाको नवराजपुर गाउँपालिकाले मैथिली भाषाको स्थानीय पाठ्यपुस्तक निर्माण गरी कक्षा १ देखि कक्षा ३ सम्म पठनपाठन गराउन थालेको छ । गाउँपालिकाले चालु शैक्षिक सत्रदेखि 'हमर नवराजपुर' (हाम्रो नवराजपुर) नामक पाठ्यपुस्तक तयार गरी २० वटै सामुदायिक विद्यायलमा पठनपाठन गराउन शुरु गरेको हो । गाउँपालिकाका अध्यक्ष शिव उदगार यादवका अनुसार एक सय पूर्णाङ्कसम्मको स्थानीय भाषामा पाठ्यपुस्तक तयार गरेर पढाउन पाइने प्रावधानअनुसार पाठ्यपुस्तक तयार गरी लागू गरिएको हो । आगामी वर्षको शैक्षिक सत्रदेखि कक्षा ६ सम्म स्थानीय भाषाको पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिने उनले जानकारी दिए । अध्यक्ष यादवले भने, 'अहिले कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यपुस्तक लागू गरेका छौँ । संविधान अनुसार मौलिक भाषा, कला र संस्कृतिको संरक्षण र सम्वद्र्धन गर्नुपर्ने दायित्व स्थानीय तहको भएकाले



सोहीअनरुप काम गरिएको हो । आगामी शैक्षिकसत्र २०८३ मा कक्षा ६ मा पनि मातृभाषामा पठनपाठन गराउने योजना अनुरुप पाठ्यपुस्तक छपाइको तयारी गरिएको छ ।' पाठ्यपुस्तकमा नवराजपुर गाउँपालिकाको भूगोल, संस्कृति, परम्परा, जनजीवन, प्रकृतिक सम्पदा, पर्यटन, कृषि, पशुपालन, स्थानीय घरेलु प्रविधिलगायत विषयवस्तु समावेश गरिएका अध्यक्ष यादवले जानकारी दिए । पछिल्लो समय बालबालिकालाई सहरबजार लगेर पढाउने प्रचलन बढेपछि स्थानीय भाषा र संस्कृति सङ्कटमा पर्नसक्ने भएकाले त्यसको संरक्षणका लागि माटो सुहाउँदो पाठ्यपुस्तक बनाएर विद्यालयमा पढाउन थालिएको उनको भनाइ छ । अङ्ग्रेजी भाषाको मोहका कारण स्थानीय भाषा सङ्कटमा परिरहेको अवस्थामा गाउँपालिकाले मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठन शुरु गर्नु प्रशंसनीय रहेको मैथिली साहित्य परिषद् सिरहाका संयोजक रामरिझन यादवले बताए । अन्य स्थानीय तहले पनि आफ्नो भाषा, कला, संस्कृतिको संरक्षण र सम्वद्र्धनमा यस्तो कार्यलाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए । रासस

# समाजवादीमा सुमनको
# समिति आधिकारिक

**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी प्रेस संगठन नेपाल, पर्सा जिल्ला अध्यक्ष शम्भु कुमार सुमन नेतृत्वको कमिटीले संगठनको आधिकारिक मान्यता प्राप्त गरेको छ ।

संगठनको २०८२ जेठ २ गते बसेको केन्द्रीय कार्यालय बैठकले सुमन नेतृत्वको जिल्ला कमिटीलाई नै वैधानिक र आधिकारिक समिति घोषित गरेको हो। बैठक समाजवादी प्रेस संगठन नेपालका केन्द्रीय अध्यक्ष शम्भु श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो । पर्सा जिल्लामा देखिएको संगठनात्मक विवाद समाधान गर्न वरिष्ठ उपाध्यक्ष नवराज छत्कुल्लीको संयोजकत्वमा गठन गरिएको विवाद व्यवस्थापन समितिले तयार पारेको प्रतिवेदनको आधारमा उक्त निर्णय गरिएको हो ।

प्रतिवेदनले २०८० माघ १२ गते पर्सा जिल्लामा सम्पन्न अधिवेशनमा सर्वसम्मत रूपमा निर्वाचित अध्यक्ष सुमन नेतृत्वको कमिटीलाई वैधानिक मान्यता दिन सिफारिस गरेको थियो । अधिवेशनमा तत्कालीन संगठन पदाधिकारीहरू र पार्टीको जिल्ला नेतृत्वसमेतको सहभागिता रहेको थियो । संगठनका महासचिव रोहित दाहालले बुधबार उपाध्यक्ष एवम् मधेश प्रदेश इञ्चार्ज सुभाष प्रसाद साह, केन्द्रीय सचिव वृजलाल पासवान तथा पर्सा जिल्ला अध्यक्ष शम्भु कुमार सुमनलाई पत्र लेख्दै सोही निर्णयको जानकारी दिएका छन् । पत्रमा संगठनको गतिविधि सोही आधिकारिक कमिटीमार्फत सञ्चालन गर्न र गराउन निर्देशन दिइएको छ ।

# दश महिनामा दुर्घटनामा परी
# चौँतिसको ज्यान गयो

**वीरगंज ।**
पर्सामा चालु आर्थिक वर्षको १० महिनामा सवारीसाधन दुर्घटनामा परेर ३४ जनाले ज्यान गुमाएका छन् । जिल्ला प्रहरी कार्यालयले सवारीसाधन दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या न्यूनीकरणका लागि सातामा एकपटक ट्राफिक जनचेतनामूलक कार्यक्रम अघि बढाउँदै आइरहेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्टले जिल्लामा चालु आवमा सवारी दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या न्यूनीकरणका लागि सातामा एक पटक सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको जानकारी दिए । 'हामीले सातामा एकपटक ट्राफिक सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिँदै आइरहेका छौँ', उनले भने, 'गत वर्षभरिमा ५१ जनाले सवारीसाधन दुर्घटनामा परेर ज्यान गुमाए । यो वर्ष हामीले ट्राफिक सचेतना फैलाएर ज्यान गुमाउनेको सङ्ख्या न्यूनीकरण गर्नेतर्फ विशेष ध्यान दिँदै आइरहेका छौँ ।' कार्यालयले दुर्घटना न्यूनीकरणका लागि वीरगंजको चोक–चोकमा ट्राफिक सचेतनासम्बन्धी अभियानलाई पनि निरन्तरता दिँदै आइरहेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय बिर्ताको अगुवाइमा बुधबार साँझ वीरगंजको घण्टाघरचोकमा ट्राफिक सचेतना कार्यक्रम गरिएको थियो । वीरगंजमा ट्राफिक नियम उल्लङ्घन गर्ने तथा सवारीचालकलाई लक्षित गरेर एकघण्टे प्रशिक्षण गरिएको हो । प्रमुख भट्टले ट्राफिक नियम पालना गर्न सवारीचालक तथा यात्रुलाई अनुरोध गरे । 'सवारी दुर्घटनाका कारणले धेरैले ज्यान गुमाइरहेका छन्,' उनले भने, 'ट्राफिक नियम पालना गर्दा ठूला खालका दुर्घटनाबाट पनि जोगिन सकिन्छ ।

त्यसैले दुर्घटनाबाट जोगिनका लागि अपनाउनुपर्ने सावधानीका उपाय पालना गर्न हाम्रो आग्रह छ ।'

समृद्धि नेपाल फाउन्डेसनका अध्यक्ष सुरज सर्राफले पनि वीरगंजमा सवारी दुर्घटना न्यूनीकरणका लागि आवश्यक सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको जानकारी दिए । कार्यक्रम संयोजक दिलीपराज कार्कीले रोगले भन्दा सवारीसाधन दुर्घटनाबाट ज्यान गुमाउनेको सङ्ख्या उच्च भएकाले पनि ट्राफिक नियमको पालना गर्नुपर्ने बताए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन